सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ माघ २०८१, बुधबार (22 Jan 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २७६ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मुद्दामाथि मुद्दा चलाइएका रवि आज रुपन्देही अदालतमा उपस्थित हुँदै



रुपन्देही जिल्ला अदालतमा उपस्थित हुन आएका रास्वपा सभापति रवि लामिछाने मंगलबार गौतमबुद्ध विमानस्थलमा

■ सुप्रिमको दुई करोड डिपोजिट स्लिपको कथा

रवि लामिछानेविरुद्धको अभियोगपत्रमा सुप्रिम सहकारीको क्यासियर पदमा कार्यरत रोशनी गुरुङले रविको नामसमेत राखेर गोर्खा मिडियाको बैंक खातामा दुई करोड रुपैयाँ डिपोजिट गरेको स्लिपलाई प्रमाण भनिएको छ। तर, रोशनीले 'सहकारीका व्यवस्थापक सागर केसीले रविको पनि नाम राख्नु भनेकाले राखेकी हुँ' भनेर बयान दिएकी छिन्। उनले यही बयान संसदीय छानबिन विशेष समिति, प्रहरी र अदालतमा समेत दिइसकेकी छिन्। संसदीय समितिले सहकारीको सफ्टवेयर सिस्टममा रवि लामिछानेको नाम इन्ट्रीबारे सोधिएको प्रश्नमा समेत उनले व्यवस्थापक केसीले फाराम नभरी 'रवि लामिछाने'को नाममा खाता खोल्ने र ठेगाना 'डटडट' राखी छिटो उक्त खाता नं. दिनु भनेको र ठेगाना, कागजात, नागरिकता, सम्पर्क नम्बरमा के लेख्ने भन्दा 'डटडट' मात्रै लेख्नु भनेको बयान दिएकी थिइन्।

■ रविको बयान-

गोर्खा मिडियाले रेडियो फिल्मीका उपकरण खरिद गरेबापत गोपीकृष्ण मुभिजको अध्यक्षको हैसियतमा निकिताको नाममा भुक्तानी गरेको हो

भैरहवामा **दिपेश पछाई**

■ सरकारको दोहोरो मापदण्ड : रवि थुनामै हुनुपर्ने, खाण धरौटीमा छुटे हुने ?

नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा राख्नु नपर्ने भनेर गरिएको आदेशविरुद्ध पुनरावलोकनमा नगएको सरकार सहकारी ठगी प्रकरणमा भने रवि लामिछानेलाई थुनामै राखेर मुद्दा चलाउनुपर्ने माग गर्दै उच्च अदालत गएको छ। उच्च अदालत पोखराले लामिछानेसहितलाई धरौटीमा छाड्ने कास्की जिल्ला अदालतको कैफियत प्रतिवेदन मगाउने आदेश गरेको छ।



यसबाट सरकारको राजनीतिक प्रतिशोधको संकेत देखिएको रास्वपा कार्यकर्ताको टिप्पणी छ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा सत्तारूढ कांग्रेसका नेता तथा पूर्वगृहमन्त्री खाणलाई काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो। यो आदेशविरुद्ध खाण पुनरावलोकनमा गएका थिए। तर, उच्च अदालत पाटनका दुई न्यायाधीश जनक पाण्डे र प्रकाश खरेलबिच राय बाझिएपछि तेस्रो न्यायाधीश कृष्णराम कोइरालाले ३० लाख धरौटीमा रिहा गर्ने आदेश दिएका थिए। न्यायाधीशबिच नै राय बाझिएको यो मुद्दामा सरकारले सर्वोच्चमा पुनरावलोकन गर्न सक्ने बाटो खुलै थियो। तर, महान्यायाधिवक्ताको कार्यालयले पुनरावलोकन गरेन।

सहकारीको सञ्चालक, व्यवस्थापक, कर्मचारी, बचतकर्ता वा ऋणी केही भएको प्रमाण नभए पनि मुद्दामाथि मुद्दा खेपिरहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने भैरहवा पुगेका छन्। बुटवलको सुप्रिम सहकारी मुद्दामा प्रतिवादी बनाइएका उनी बुधबार रुपन्देही जिल्ला अदालतमा हाजिर हुन मंगलबार काठमाडौंबाट आइपुगेका हुन्।

सरकारी वकिल कार्यालयले सुप्रिमको मुद्दामा आइतबार रविसहित १४ जनाविरुद्ध पूरक अभियोग दर्ता गरेको थियो। सुरुमा उक्त सहकारीको बचत अपचलन गरेको अभियोगमा २२ जनाविरुद्ध मात्र सहकारी ठगी मुद्दा दर्ता गरिएकोमा रविसहितको नाम जोडिएपछि संगठित अपराधसमेत गरी पूरक अभियोग लगाइएको हो। तर, थप कुन प्रमाण भेटिएका कारण पूरक अभियोग दायर गरिएको भन्ने केही आधार देखिएको छैन।

लामिछानेको नाममा नक्कली ऋणी खडा गरी सुप्रिम सहकारीबाट दुई करोड रुपैयाँ गोर्खा मिडियामा

» पृष्ठ २ मा क्रमशः

सात वर्षमा प्रदेशका संरचनासमेत बनेनन्

लुम्बिनीबाहेकका ६ प्रदेशले राजधानीका संरचनासमेत बनाउन सकेनन्, तत्कालीन क्षेत्रीय कार्यालय वा भाडाका घरबाटै चलेका छन् प्रदेशका मन्त्रालय, जग्गासम्बन्धी केही फाइल अड्किए सिंहदरबारमै



दाङको देउखुरीमा लुम्बिनी राजधानीका निर्माणाधीन भवनहरू

संघले जग्गा दिएर राजधानी नै बनाइदिनुपर्छ

● **खिमलाल देवकोटा** संघीयतावित्



प्रदेशले स्थायी राजधानीका लागि जग्गा उपलब्ध गराइदिन संघ सरकारसँग हारगुहार गरिरहेका छन्। तर, सरकारले जग्गाको भोगाधिकार दिएको छैन। प्रदेशसँग जग्गाको अधिकार छैन, संघ सरकारले नै उपलब्ध गराउनुपर्ने हो। त्यति मात्र होइन, संघ सरकारले नै राजधानीका लागि स्थायी संरचना बनाइदिनुपर्छ। प्रदेशले आफ्नै स्रोतले बनाउन सक्दैनन्। मुलुक संघीयतामा जाने, प्रदेश सरकार बन्ने, तर राजधानी नबनाइदिने भन्ने हुँदैन। अब प्रदेशको पनि इच्छाशक्ति आवश्यक छ, उनीहरूले सरकारलाई दबाब दिनुपर्छ।

विराटनगरमा **गणेश लम्साल**, जनकपुरधाममा **हदिश खुद्दार**, हेटौंडामा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, दाङमा **दीपक बोहरा**, सुर्खेतमा **रमेश रावल** र धनगढीमा **तेजराज भट्ट**

पहिलो र दोस्रो कार्यकालमा सरकार गठन-विघटनमा व्यस्त देखिएका प्रदेश सरकारमध्ये ६ वटाले राजधानीका लागि अझै संरचना बनाउन सकेका छैनन्। स्थापनाको सात वर्षमा लुम्बिनीबाहेकका प्रदेश सरकारले त संरचना निर्माणका लागि जग्गासमेत पाएका छैनन्। सुदूरपश्चिम सरकार त अस्थायी राजधानी धनगढीमै मुकाम बनाएर बसिरहेको छ।

देश संघीय संरचनामा गएपछि ०७४ मा अस्तित्वमा आएका प्रदेश सरकारहरूले स्थायी राजधानीका लागि भोगाधिकार नपाउँदा र आफैंले जग्गाको टुंगो लगाउन नसक्दा संघ सरकारका तत्कालीन क्षेत्रीय कार्यालय वा भाडाका घरबाटै मन्त्रालय चलाइरहेका छन्। संघ सरकारले भोगाधिकार नदिएका कारण केही प्रदेशले निर्णय गरेर पनि संरचना बनाउन पाएका छैनन्। यसले संघीय व्यवस्थाप्रति प्रश्न उठाउनेहरूलाई प्रोत्साहन गरेको छ।

» पृष्ठ २ मा क्रमशः

राजधानीका लागि जग्गा खोज्दै कोशी सरकार



● **रेवतीरमण भण्डारी**, कानुनमन्त्री



सरकार आफ्नै संरचना बनाउन जग्गाको खोजीमा छ। म पुराना कार्यदलले सिफारिस गरेका फाइल अध्ययन गर्दै छु। उपयुक्त स्थानमा जग्गा फेला परेमा सरकारले खरिद प्रक्रिया अगाडि बढाउँछ।

गुठीको जग्गा ताक्दै मधेश सरकार



● **सतिशकुमार सिंह**, मुख्यमन्त्री



शिवपुरस्थित गुठीको ५२ बिघा जग्गामा प्रशासनिक भवन निर्माण गर्ने योजना छ। तर, गुठी संस्थानको अधीनमा रहेकाले काम अगाडि बढ्न सकेको छैन। प्रशासनिक भवनको डिपिआरसमेत तयार भइसकेको छ।

जग्गा नै नपाएपछि बागमतीको राजधानी योजना अलपत्र



● **सुरजचन्द्र लामिछाने**, कानुनमन्त्री



हेटौंडा- १६ मा ५४ बिघा र हेटौंडा- १७ डिपोचौरको १२ बिघा जमिनमा प्रादेशिक संरचना निर्माण गर्ने गरी जग्गा भोगाधिकार मागेका छौं। संघबाट स्वीकृति आए निर्माण थाल्छौं।

गण्डकीले प्रशासनिक केन्द्र बनाउने योजना नै बिर्सियो



● **डा. टकराज गुरुङ**, सरकारका प्रवक्ता



मन्त्रालयका लागि स्थायी संरचना निर्माणका लागि तत्काल कुनै योजना छैन। यसअघि प्रशासनिक केन्द्र बनाउन जग्गा मागेका थियौं। भोगाधिकार पाइएन। त्यही भएर भएकै संरचनामा मन्त्रालय छन्।

प्रशासनिक केन्द्र बनाउन भोगाधिकार माग्दै कर्णाली



● **आनन्द सारू**, प्रदेश सचिव



वीरेन्द्रनगर- ७ मा साढे दुई बिघा जग्गामा प्रशासनिक केन्द्र निर्माण गर्ने निर्णय भएको थियो। तर, भोगाधिकार पाएका छैनौं। प्रत्येक वर्ष बजेट फ्रिज हुने गरेको छ। हालसम्म पनि यो चलिरहेको छ।

रुख कटानको अनुमति कुर्दै सुदूरपश्चिम सरकार



● **कमलबहादुर शाह**, मुख्यमन्त्री



गोदावरीको तेघरीमा राजधानी तोकेर भोगाधिकारका लागि संघीय सरकारलाई पत्र पठाएका छौं। जग्गाको भोगाधिकारदेखि रुख कटानको अनुमति दिनुपर्‍यो, नभए हामी विकल्पमा जान्छौं भनेका छौं।

■ ट्रम्पको पुनरागमन


नेपाल र नेपालीलाई के हुन्छ ?

पर्शुराम काफ्ले/नयाँ पत्रिका

अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकाल सुरुवात गरेसँगै जारी भएका कार्यकारी आदेश र उनका घोषणाले अमेरिकी विदेश नीतिमा आमूल परिवर्तन हुने भन्दै विज्ञहरूले अमेरिकासँगको सम्बन्धको समग्र समीक्षा गर्नुपर्ने समय आएको बताएका छन्। नेपाललाई जलवायु वित्तपोषणको एजेन्डामा प्रत्यक्ष प्रभाव पर्ने उल्लेख गर्दै उनीहरूले भारत र चीनसँग समानिकटता कायम गरेर अमेरिकासँग परिपक्व रूपमा सम्बन्ध सञ्चालन गर्न पनि सुझाव दिएका छन्।

ट्रम्पले कार्यकालको पहिलो दिन कानुनी आप्रवासी निकाला गर्ने, मेक्सिकोसँग सीमा क्षेत्रमा संकटकाल लगाउने, ग्रिनल्यान्डको स्वामित्व लिने, विश्व स्वास्थ्य संगठनबाट अमेरिकालाई अलग गर्ने, जलवायुसम्बन्धी पेरिस सम्झौताबाट अलग हुनेलगायत निर्णय गरेका छन्। अमेरिकामा जन्मनासाथ

» पृष्ठ २ मा क्रमशः



कानुनी आप्रवासी निकाला गर्ने, मेक्सिकोसँग सीमा क्षेत्रमा संकटकाल लगाउने, ग्रिनल्यान्डको स्वामित्व लिने, विश्व स्वास्थ्य संगठनबाट अमेरिकालाई अलग गर्ने, जलवायुसम्बन्धी पेरिस सम्झौताबाट अलग हुने र अमेरिकामा जन्मनासाथ अमेरिकी नागरिकता पाउने नियम खारेजीलगायत ट्रम्पका निर्णयले विश्वभर हलचल



● **भेषबहादुर थापा**, पूर्वपरराष्ट्रमन्त्री तथा पूर्वराजदूत (अमेरिका)

अमेरिकाले विदेश नीतिमा ल्याउने परिवर्तनलाई नेपालले गहन रूपमा अध्ययन गर्नुपर्छ। नेपालले ठोस दृष्टिकोण बनाएको छैन। अब गम्भीर समीक्षा गर्ने वेला आएको छ। अमेरिकाको नयाँ निर्णयले त्यहाँ रहेका नेपाली नागरिक तथा सामाजिक-आर्थिक सम्बन्धलाई पार्ने असरका विषयमा गम्भीर गृहकार्य गर्नुपर्छ।



● **रमेशनाथ पाण्डे**, पूर्वपरराष्ट्रमन्त्री

ट्रम्प प्रशासनको सर्वोच्च प्राथमिकता अमेरिकालाई सर्वशक्तिमान बनाउनु हो। त्यसक्रममा अमेरिकाको चीन र भारतसित कस्तो सम्बन्ध हुन्छ, त्यो सम्बन्ध नेपालका लागि महत्त्वपूर्ण हुन्छ। नेपालले तत्कालै भारत र चीनसँगको सम्बन्धलाई उच्चतम प्राथमिकता दिँदै सम्बन्ध विकास गर्नुपर्छ। नेपालले अमेरिकासँग परिपक्व र विवेकशील भएर सम्बन्ध सञ्चालन गर्नुपर्छ।



● **विजयकान्त कर्ण**, पूर्वराजदूत

अमेरिकाले साढे नौ अर्ब डलर जलवायु वित्तपोषणमा दिने घोषणा गरेको थियो र यसबाट नेपालले पनि केही पाउने अवस्था थियो। अब यो गुमेको छ। नेपाल सरकारले गर्ने सगरमाथा संवाद पनि यसबाट प्रभावित नहोला भन्न सकिन्न। ट्रम्पको भारतसँग सामीप्यता बढ्ने र चीनसँग दूरी बढ्ने संकेत देखिएको छ। यस अवस्थामा यो क्षेत्रमा भूराजनीतिक प्रतिस्पर्धा बढ्न सक्छ।

विपक्षी दलहरूले मागे लेखा समिति सभापतिको राजीनामा

कांग्रेस सांसदको पनि समर्थन

सभापति ऋषिकेश पोखरेलमाथि सहकारी ठगीको विषयमा नैतिक प्रश्न उठेको सांसदहरूको आरोप



■ कानुन मन्त्रालयलाई महान्यायाधिवक्ताको सुझाव

'विवाहको उमेर २० नै राखौं, १८ मा बिहे गर्नेलाई छुट्टाछुट्टै राखौं'

(विस्तृत पृष्ठ ३)

सरकारवादी फौजदारी मुद्दाको घट्दो सफलता दर



अग्रलेख

● विष्णुहरि मरासिनी

नयाँ-नयाँ प्रकृतिका अपराध बढिरहेको समयमा अनुसन्धानलाई प्रश्नरहित र सफल बनाउन अनुसन्धानकर्ताले सजग, सुझबुझपूर्ण र उच्चस्तरीय दक्षता प्रदर्शन गर्नुपर्छ

(पृष्ठ ४)

उद्योगीले गरेको सिमेन्टको कृत्रिम मूल्यवृद्धिमा सरकारको मौन समर्थन

४५० रुपैयाँ प्रतिबोरा रहेको सिमेन्टको मूल्य तीन महिनामै ८५० सम्म पुग्यो

जुम्लामा सोलार लिफ्ट सिँचाइ आयोजना असफल

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

छाउनी संग्रहालयमा नेपाल एकीकरणदेखिका हातहतियार प्रदर्शनीमा

साना-ठुला गरी १० हजारभन्दा धेरै हातहतियार संरक्षित, नेपालको एकीकरण बुझ्न र बाह्य शक्तिसँग गरेको लडाइँको इतिहास भावी पुस्तालाई बुझाउन उपयोगी

शिवहरि घिमिरे/नयाँ पत्रिका

भूकम्पपछि स्टोरमा थन्क्याइएका ऐतिहासिक हातहतियार सर्वसाधारणका लागि पुनः प्रदर्शनमा राखिएको छ। छाउनीस्थित राष्ट्रिय संग्रहालयले ऐतिहासिक भवनको पहिलो तलामा वि.सं. १६१६ देखि यता राणाकालसम्मका पुराना हातहतियार २७ पुसदेखि प्रदर्शनमा राखेको हो। संग्रहालयमा साना-ठुला गरी १० हजारभन्दा धेरै हातहतियार छन्।

भिडियो रिपोर्ट

यहाँ नेपाल एकीकरणदेखि राजा-महाराजाका पालामा लडाइँ, युद्ध तथा आफ्नो सुरक्षाका लागि प्रयोग भएका हतियार छन्। संग्रहालयमा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको लडाइँका वेला प्रयोग गरेका हातहतियारसमेत सुरक्षित छन्।

संग्रहालयका अनुसार प्रदर्शन गरिएकामध्ये सबैभन्दा महत्त्वपूर्ण र पुरानो हतियार द्रव्य शाहले वि.सं. १६१६

» पृष्ठ २ मा क्रमशः







छाउनीस्थित राष्ट्रिय संग्रहालयमा प्रदर्शनमा राखिएका हातहतियार। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

■ पृथ्वीनारायण शाहले लगाउने फलामे लुगा पनि प्रदर्शनमा

संग्रहालयले प्रदर्शनमा राखेको तेस्रो लहरमा एउटा पुरानो र थोत्रो लुगाजस्तो वस्तु देखिन्छ। हेर्दा टी-सर्टभैं लाग्ने त्यो वस्तु पृथ्वीनारायण शाहले लडाइँका वेला लगाउने फलामैफलामले बनाएको फलामे वस्तु हो। यसलाई फलामे कवच भनेर लेखिएको छ। संग्रहालयका अनुसार यो कवच पृथ्वीनारायण शाहले गोलीको छर्रा रोक्ने गरी बनाएका थिए। फलामको भएकाले हतियार प्रहार गर्दा पनि चोटपटकबाट जोगिन सक्ने खालको छ।



मुद्दामाथि मुद्दा...

पृष्ठ १ बाट क्रमशः

लगिएको आरोप सम्बन्धमा संसदीय छानबिन विशेष समितिले छानबिन गरेको थियो। समितिले यसमा लामिछानेको संलग्नता नदेखिएको जनाएको थियो। तर, अहिले सोही ऋणलाई बिगो बनाएर अभियोग लगाउनु राजनीतिक प्रतिशोध भएको रविपक्षीय कानुन व्यवसायीहरूको आरोप छ।

'सुप्रिमको सुरु मुद्दा दायर गर्दा पनि यो दुई करोड ऋण रवि लामिछानेकै नाममा देखाइएको थियो। तर, त्यतिवेला उनलाई किन प्रतिवादी बनाइएन ? अहिले किन बनाइयो ? अनुसन्धान र अभियोजन लहडबाजीमा गर्ने त होइन होला ?' रविका कानुन व्यवसायीको प्रश्न छ।

लामिछानेले भैरहवामा आएपछि मंगलबारै कानुन व्यवसायीसँग परामर्श गरेका छन् भने कार्यकर्ता र समर्थकसँग पनि भेट गरेका छन्। समर्थकलाई उनले अदालतलाई प्रभाव पार्ने खालका गतिविधि नगर्न आग्रह गरे। 'हामी कानुनलाई विश्वास गर्छौं, अदालतको बहसलाई प्रभाव पार्ने खालका केही गतिविधि नगर्नुहोला,' रविको भनाइ उद्धृत गर्दै रास्वपाका एक नेताले भने। लामिछाने अदालतमा उपस्थित भएपछि सम्भवतः बुधबारबाटै थुनछेक बहस हुनेछ। थुनछेक बहसपछि न्यायाधीशले पुर्पक्षका लागि थुनामा पठाउने वा धरौटी वा साधारण तारेखमा छाड्नेबारे आदेश दिनेछन्।

लामिछाने यसअघि काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको मुद्दामा पनि आफैँ काठमाडौं जिल्ला अदालतमा उपस्थित भएका थिए। उनलाई अदालतले ६० लाख धरौटीमा छाडेको थियो। त्यसअघि सूर्यदर्शन सहकारीको मुद्दामा कास्की जिल्ला अदालतले ६५ लाख धरौटीमा रिहा गरेको थियो।

रविपत्नीको नाममा चेक काटेको हेरियो, किन काटियो हेरिएन

● रविको बयान : **गोर्खा मिडियाले रेडियो फिल्मीका उपकरण खरिद गरेबापत गोपीकृष्ण मुभिजको अध्यक्षको हैसियतमा निकिताको नाममा भुक्तानी गरेको हो**

सुप्रिम सहकारीको अभियोगपत्रमा रवि लामिछानेकी श्रीमती निकिता पौडेलको नाममा गोर्खा मिडियाबाट ३५ लाख चेकबाट र नौ लाख ९९ हजार नगद दिएको उल्लेख छ। तर, उक्त रकम किन गयो भन्ने विषयमा भने अनुसन्धान गरिएको छैन। यसबारे रवि लामिछानेले प्रहरीसँगको बयानमा भने स्पष्ट पारेका छन्। सुरुवाती चरणमा गोरखा मिडिया नेटवर्कले अर्डर गरेका उपकरण नआइपुग्दा र स्टुडियो नबनिसक्दा पौडेलको नेतृत्वमा रहेको टिभी फिल्मी च्यानलबाट उपकरण र जनशक्ति ल्याइएको उनको बयान छ। यसबारे स्थापनाकालका कर्मचारीलाई समेत जानकारी भएको लामिछानेको बयानमा उल्लेख छ।

'... गोपीकृष्ण मुभिज प्रालि र गोर्खा मिडिया नेटवर्क प्रालिबिच गोपीकृष्ण मुभिज प्रालिको लाइसेन्सअन्तर्गत रहेको रेडियो फिल्मीलाई रेडियो ग्यालेक्सीको रूपमा परिणत गर्ने लिखित सहमति भएको थियो। सहमतिपछि नै गोपीकृष्ण मुभिजले रेडियो फिल्मीलाई रेडियो ग्यालेक्सीमा रूपान्तरण गर्न बागमती प्रदेशअन्तर्गतको सञ्चार रजिस्ट्रारको कार्यालयलगायतका कार्यालयमा कलसाइन परिवर्तन गरी ग्यालेक्सी रेडियो बनाउने प्रक्रिया थाल्यो र प्रक्रिया सम्पन्न भई कल साइनसमेत परिवर्तन गरिएको इजाजतपत्र प्राप्त गरी रेडियोको सम्पूर्ण उपकरण ग्यालेक्सी टेलिभिजनको कार्यालयमा स्थानान्तरण गऱ्यो। रेडियोको टावर अहिले पनि ग्यालेक्सी टेलिभिजनको भवनको छतमा यथावत् छ। सो सहमति कार्यान्वयनको चरणमा रहँदा रेडियो भाडामा लिने कि खरिद गर्ने भन्ने छलफल चलेको थियो। यही क्रममा गोपीकृष्ण मुभिज प्रालिको तत्कालीन अध्यक्षसमेत रहेकी निकिता पौडेललाई पेस्की वा भुक्तानी दिएको हुनुपर्छ,' लामिछानेले बयानमा भनेका छन्।

काठमाडौंमा रेडियो लाइसेन्सका लागि नयाँ फ्रिक्वेन्सी उपलब्ध नभएका कारण गोपीकृष्णबाट किनिएको र भुक्तानीका लागि चेकहरू जारी भएको लामिछानेको बयान छ। उनले भनेका छन्, 'काठमाडौंमा रेडियोको लाइसेन्सका लागि नयाँ फ्रिक्वेन्सी उपलब्ध छैन। यसर्थ यस किसिमको क्षमता भएको रेडियोको लाइसेन्सको बजार मूल्य मैले बुझेअनुसार गोपीकृष्ण मुभिजले भुक्तानीस्वरूप प्राप्त गरेको रकमभन्दा बढी नै हुन आउँछ। त्यसैले उक्त सम्झौतालाई कार्यान्वयन गर्न गोपीकृष्ण मुभिजले आफ्नो रेडियो स्टेसन कल साइनसहित औपचारिक रूपमा उपलब्ध गराएसँगै गोरखा मिडिया नेटवर्कले पनि किस्ता-किस्तामा भुक्तानी दिन सुरु गरेको हुनुपर्छ। प्रस्तुत चेकहरू यिनै प्रक्रियाका लागि जारी भएका हुन् भन्ने मलाई लाग्छ।' २१ चैत ०७७ मा गोर्खा मिडिया नेटवर्कका तर्फबाट अध्यक्ष जिबी राई र सञ्चालक छविलाल जोशी तथा गोपीकृष्ण मुभिजका तर्फबाट अध्यक्ष निकिता पौडेल तथा सञ्चालकहरू नीरज र नीरक पौडेलको हस्ताक्षरमा गोपीकृष्ण एफएमलाई ग्यालेक्सी एफएममा बदल्ने गरी सहमति भएको देखिन्छ।

छाउनी संग्रहालयमा...

पृष्ठ १ बाट क्रमशः

देखि १६२७ सम्म प्रयोग गरेका खुकुरी, तरबार र खुँडालगायतका हुन्। त्यस समयका १४ हतियार संग्रहालयमा छन्।

त्यस्तै, पृथ्वीनारायण शाहले वि.सं. १७७९ देखि १८३१ सम्म प्रयोग गरेका दुई दर्जनभन्दा बढी हतियार राखिएको छ। संग्रहालयका अनुसार नेपालको एकीकरणताका प्रयोग भएका विभिन्न आकार-प्रकारका धनु-वाण, खुँडा, ढाल, खड्ग, तरबारलगायत हातहतियार प्रदर्शनमा छन्। सबैभन्दा महत्त्वपूर्ण संग्रहमध्ये पृथ्वीनारायण शाहले प्रयोग गरेका निजी हातहतियार हुन्।

त्यस्तै, मल्लकालीन तथा शाहकालीन राजाहरू काजी, सरदार, भारदार र प्रधानमन्त्रीहरूले प्रयोग गरेका निजी हातहतियारसमेत सर्वसाधारणले हेर्न पाउने गरी राखिएको छ। यसले नेपालको इतिहास, युद्ध र एकीकरणबारे भावी पुस्तालाई जानकारी गराउने संग्रहालयका अधिकारीहरू बताउँछन्। शूरप्रताप शाहका पालाका हतियार पनि प्रदर्शनीमा छन्। संग्रहालयले मल्लकालीन समयका पनि थुप्रै हातहतियार संरक्षण गरेको छ।

भक्तपुर राज्यका अन्तिम राजा रणजित मल्ल, पाटनका अन्तिम राजा तेजनरसिंह मल्ल र कान्तिपुर राज्यका अन्तिम राजा जयप्रकाश मल्लका निजी हातहतियारसमेत संग्रहालयले प्रदर्शनमा राखेको छ। यस समयमा तीन राज्यका अन्तिम राजाले आफ्नो निजी प्रयोगका लागि प्रयोग गर्ने गरेका घरेलु हातहतियार, चुलेसी, खुकुरी, खुँडा, चक्कु, वाण, धनुष र तरबार गरी तीन दर्जन हाराहारी हतियार संग्रहालयमा सुरक्षित छन्।

संग्रहालयमा सन् १७७२ को प्रथम नेपाल-भोट युद्धमा विदेशीसँग जफत गरेको छालाको ऐतिहासिक दुर्लभ तोप पनि सुरक्षित छ। योसँगै त्यस समयमा जफत भएका तरबारलगायत फरक-फरक डिजाइन तथा कलात्मक हातहतियार प्रदर्शनमा राखिएको छ। त्यस्तै, मिरकासीको फौजबाट जफत गरिएका बन्दुकसहितका हतियार पनि सर्वसाधारणले संग्रहालयमा अवलोकन गर्न पाउँछन्।

संग्रहालयमा मकवानपुरका राजा दिग्बन्धनसेनबाट जफत गरिएका हतियारसमेत सुरक्षित छन्। युद्धको वेला प्रयोग भएका ती हतियार निकै महत्त्वपूर्ण र ऐतिहासिक मानिन्छन्। काजी कालु पाँडेले प्रयोग गरेका कलात्मक स्वरूपका दर्जन हाराहारी हातहतियार संग्रहित गरिएको छ। कीर्तिपुरबाट जफत गरिएका, चौतारिया फत्तेजंगले प्रयोग गरेका, वि.सं. १८०१ मा नुवाकोटबाट जफत गरिएका, चौतारिया हस्तदल शाहका, बहादुर शाहका र रणबहादुर शाहलगायतका हातहतियार प्रदर्शनमा छन्।

चार सय वर्षअघि नै प्रयोग भएका सुन्दरी राइफल, लस्करी बन्दुक, दुईनाले तोप, ३४२ धार्नीको भैरव तोप संग्रहालयमा राखिएका कलात्मक हातहतियार हुन्। त्यस्तै, गेहेन्द्रशमशेर राणाद्वारा डिजाइन भएका वीरगन्ज नामक हतियार पनि प्रदर्शनमा छ। त्यस्तै, युरोप यात्राको क्रममा जंगबहादुरलाई लुइस नेपोलियन तृतीयले उपहार दिएको तरबार पनि संग्रहालयमा छ। ती हातहतियारले नेपालको एकीकरण बुझ्न र बाह्य शक्तिसँग गरेको लडाइँको इतिहास भावी पुस्तालाई बुझाउन सकिने अनुमान गरिएको छ।

संग्रहालय अवलोकनका लागि दैनिक दुई सयदेखि पाँच सयसम्म अवलोकनकर्ता आउँछन्। संग्रहालय प्रवेश शुल्क नेपाली सर्वसाधारणलाई २५ रुपैयाँ, फोटो खिचेको ५० रुपैयाँ, भिडियो खिच्दा सय रुपैयाँ, विदेशी सार्क मुलुकका पर्यटकलाई प्रवेश शुल्क ५० रुपैयाँ र उनीहरूले क्यामेरा प्रयोग गरेको १५० रुपैयाँ लाग्छ।

त्यस्तै, सार्कबाहेक अन्य देशका पर्यटकलाई प्रवेश शुल्क १५० रुपैयाँ लिने गरिएको छ भने उनीहरूले क्यामेरा प्रयोग गर्दा दुई सय रुपैयाँ लिने गरिएको छ। त्यस्तै, विद्यार्थीलाई १० रुपैयाँ मात्रै शुल्क लाग्छ भने शनिबारको दिन विद्यालयले विद्यार्थी ल्याउँदा शुल्क लाग्दैन।

संग्रहालयका निमित्त प्रमुख नवराज अधिकारीले सयौँ वर्ष पुराना फलाम तथा विभिन्न धातुले बनेका ती हतियारमा खिया नलाग्ने गरी संरक्षण गरिएको बताए। उनका अनुसार प्रदर्शनी कक्षमा द्रव्य शाह, पृथ्वीनारायण शाह र उनका सेनाले प्रयोग गरेका हातहतियार राखिएको छ। 'यहाँ राखिएकामध्ये नेपाल एकीकरणताका मिकासिको फौजलाई हराउँदा र अन्य विदेशीलाई हराउँदा उनीहबाट जफत गरिएका हातहतियार महत्त्वपूर्ण छन्,' उनले भने, 'विषयगत रूपमा छुट्याएर हातहतियार समयक्रमका आधारमा प्रदर्शनीमा राखिएको छ। सबै हातहतियारको अभिलेख छ। केही हतियार स्टोरमा छन्, ठाउँ अभावका कारण प्रदर्शनीमा राख्न सकेका छैनौँ।' उनका अनुसार हतियार सुरक्षित र जोगाएर राख्न चुनौती छ। 'खिया लाग्न नदिन सरसफाइ र तापक्रम मिलाइएको हुन्छ। खिया लागेको छ भने विभिन्न रसायनको प्रयोग गरेर सफा गरिन्छ,' उनले भने।

ऐतिहासिक भवन, हातहतियार सुरक्षित राख्न दैनिक लाहाछाप

छाउनी संग्रहालय नेपालकै सबैभन्दा ठुलो संग्रहालय हो। हाल संग्रहालयमा राखिएका हातहतियार तत्कालीन प्रधानमन्त्री भीमसेन थापाले हतियार भण्डारणका लागि विशेष रूपमा निर्माण गराएको भवन, सिलखानामा राखिएका छन्। ऐतिहासिक महत्त्व बोकेको यो भवनमा संग्रहालयले हातहतियार सुरक्षित रूपमा संग्रहित गरेको छ। संग्रहालयका कोठा बन्द गर्दा हरेक दिन संग्रहालय र नेपाली सेनाको रोहवरमा ढोकामा लाहाछाप लगाइन्छ र थरीथरीका ताला-चाबीहरूको प्रयोग गरिन्छ। ऐतिहासिक वस्तुहरूको सुरक्षा सुनिश्चित गर्न यो विधि अपनाइएको हो। बिहान संग्रहालयका कर्मचारीले नेपाली सेनाको उपस्थितिमा ढोका खोल्छन्। संग्रहालयको चारैतिर नेपाली सेनाले सुरक्षा दिन्छ। साँझ पुनः ढोका बन्द गर्दा पनि सेनाले सुरक्षा जाँच गर्छ। राणाकालीन हातहतियार भने संग्रहालयले संग्रहित गरेको छैन।

नेपाल...

पृष्ठ १ बाट क्रमशः

अमेरिकी नागरिकता पाउने नियम खारेजीलगायत उनका निर्णयले विश्वमा हलचल उत्पन्न गरेको छ। यसअघि अमेरिकी राष्ट्रपतिले शपथग्रहणका दिन उद्घाटन मन्तव्य दिने चलन रहेकोमा ट्रम्पले भने धमाधम निर्णय गरेका छन्।

अमेरिकाका लागि पूर्वनेपाली राजदूत तथा पूर्वपरराष्ट्रमन्त्री डा. भेषबहादुर थापाले दोस्रो विश्वयुद्धपछि अमेरिकाले पहिलोपटक विदेश नीतिमा आमूल परिवर्तन गर्न लागेको र नेपालले गहन रूपमा समीक्षा तथा अध्ययन गर्नुपर्ने बताए। 'अमेरिकाले विदेश नीतिमा ल्याउने परिवर्तनलाई नेपालले गहन रूपमा अध्ययन गर्नुपर्छ। अमेरिकालाई हेर्ने हाम्रो नीति र अमेरिकाको विदेश नीतिले नेपाललाई पर्न सक्ने परिवर्तनबिच सामञ्जस्य कायम गर्दै सम्बन्ध सञ्चालन गर्ने चुनौती बढेको छ,' थापाले भने, 'नेपालले ठोस दृष्टिकोण बनाएको छैन। अब गम्भीर समीक्षा गर्ने वेला आएको छ। अमेरिकाको नयाँ निर्णयले त्यहाँ रहेका नेपाली नागरिकलाई पार्ने असर तथा सामाजिक-आर्थिक सम्बन्धलाई पार्ने असरका विषयमा गम्भीर गृहकार्य गर्नुपर्छ।'

यद्यपि, ट्रम्पको दृष्टिमा नेपाल परिनसकेको थापाको भनाइ छ। 'हामीले घटनाक्रमलाई राम्रोसँग अध्ययन गर्नुपर्छ, विशेषतः आप्रवासनका सन्दर्भमा हामीले सतर्कतापूर्वक हेर्नुपर्छ,' थापाले भने।

ट्रम्प प्रशासनको चीन र भारतसँगको सम्बन्धलाई नेपालले हेर्नुपर्ने र दुई छिमेकीसँग सम्बन्ध समनिकटताका आधारमा सञ्चालन गर्नुपर्ने पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको सुझाव छ। पाण्डेले भने, 'ट्रम्प प्रशासनको सर्वोच्च प्राथमिकता अमेरिकालाई सर्वशक्तिमान बनाउनु हो। त्यसक्रममा अमेरिकाको चीन र भारतसित कस्तो सम्बन्ध हुन्छ, त्यो सम्बन्ध नेपालका लागि महत्त्वपूर्ण हुन्छ। नेपालले तत्कालै भारत र चीनसँगको सम्बन्धलाई उच्चतम प्राथमिकता दिँदै सम्बन्ध विकास गर्नुपर्छ। नेपालले अमेरिकासँग परिपक्व र विवेकशील भएर सम्बन्ध सञ्चालन गर्नुपर्छ।'

पूर्वराजदूत तथा चिन्तन संस्था सेन्टर फर सोसल इनोभेसन एन्ड फरेन पोलिसीका कार्यकारी अध्यक्ष विजयकान्त कर्णले पेरिस जलवायु सम्झौताबाट ट्रम्प सरकारले हात झिकेपछि जलवायु वित्तपोषणमा नेपाललाई प्रत्यक्ष असर पर्ने बताए। 'अमेरिकाले साढे नौ अर्ब डलर जलवायु वित्तपोषणमा दिने घोषणा गरेको थियो र यसबाट नेपालले पनि केही पाउने अवस्था थियो। अब यो गुमेको छ,' कर्णले भने, 'नेपाल सरकारले गर्ने सगरमाथा संवाद पनि यसबाट प्रभावित नहोला भन्न सकिन्न।'

कर्णले अन्य अनुदान तथा सहायताका सन्दर्भमा नपाललाई अहिले नै असर नपर्ने विश्लेषण गरे। 'ट्रम्पको भारतसँग सामीप्यता बढ्ने र चीनसँग दूरी बढ्ने संकेत देखिएको छ। यस अवस्थामा यो क्षेत्रमा भूराजनीतिक प्रतिस्पर्धा बढ्न सक्छ,' कर्णले भने, 'नेपालले चनाखो भएर समग्र परिस्थितिलाई अध्ययन गर्नुपर्छ।' अमेरिकाबाट डिपोर्ट भएर आउने नेपालीका कारण नेपाललाई अर्थ-राजनीतिक असर पनि पर्न सक्ने उनको आकलन छ।

कतिपय जानकारले भने चीनसँग ट्रम्प प्रशासनको सम्बन्ध अझै अनुमानयोग्य नहुने बताए। 'राष्ट्रपति निर्वाचित भएपछि ट्रम्प र चीनका राष्ट्रपति सी जिनपिङबिच ४ माघमा लामो टेलिफोन संवाद भयो। ट्रम्पले त्यसअघि नै सीलाई शपथग्रहण समारोहमा निमन्त्रणा दिएका थिए,' एक जानकार कूटनीतिक अधिकारीले भने, 'सीले उपराष्ट्रपति हान झेङलाई आफ्नो विशेष प्रतिनिधिका रूपमा शपथग्रहण समारोहमा सहभागी गराए। ट्रम्पले सीबाहेक कुनै देशका समकक्षी वा प्रधानमन्त्रीलाई बोलाएनन्, शपथग्रहणमा सहभागी उच्च ओहदाका विदेशी पनि चिनियाँ उपराष्ट्रपति थिए। चीनलाई ट्रम्पले प्राथमिकता दिएका छन्, भविष्य के हुन्छ हेर्दै जाऊँ।'

अमेरिकासँग २५ अप्रिल १९४७ मा नेपालले कूटनीतिक सम्बन्ध स्थापना गरेको थियो। बेलायतपछि कूटनीतिक सम्बन्ध स्थापना हुने देश अमेरिका हो। त्यसपछि मात्रै नेपालले छिमेकी भारत र चीनसँग सम्बन्ध स्थापना गरेको थियो।

नबिल बैंक लिमिटेड, पोखरा मालेपाटन शाखा, कास्कीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/१०/०९)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी फर्मले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका र कमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०४/२५ को आर्थिक अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **पोखरा मालेपाटन शाखा, कास्की**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आह्वान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

चेत बहादुर थापाको नाति, कृष्ण बहादुर थापाको छोरा कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं ०९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं २८ बस्ने, ना.प्र.नं. १००७४१ (जारी मिति: २०५६/११/०८, स्थान कास्की) भएको **कमल थापा।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

लक्ष्मी बहादुर थापाकी छोरी, कृष्ण बहादुर थापाकी बुहारी, कमल थापाकी श्रीमती, कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं. ०९, स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं २८ बस्ने, ना.प्र.नं. ९२१६९-तनहुँ, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. कास्की, (जारी मिति: २०६३-०४-२५), भएकी **संझना थापा।**

धितोको विवरण:

कास्की जिल्ला माझठाना गा.वि.स. वडा नं ०९ स्थायी घर भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं २८ बस्ने, **कमल थापा** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं ०४ नक्सा सिट नं ४त मा अवस्थित कि.नं. ५०६, ५०४ र ५१९ क्षेत्रफल क्रमश: ०-०-९-०, ०-०-९-३ र ०-०-१०-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **पोखरा मालेपाटन शाखा, कास्की**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१०/२३ गते ४:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **पोखरा मालेपाटन शाखा, कास्की**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१०/२४ गते ३:०० बजे बैंकको **पोखरा मालेपाटन शाखा, कास्की**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ४:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **पोखरा मालेपाटन शाखा, कास्की**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

सात वर्षमा...

पृष्ठ १ बाट क्रमशः

कोशीले विराटनगर आसपासमै राजधानीका लागि स्थायी संरचना बनाउन खोजे पनि जग्गाको टुंगो नै लगाउन सकेको छैन। जनकपुरधामस्थित जनकपुर चुरोट कारखाना परिसरमा बसेको मधेश सरकार गुठी संस्थानको जग्गा पाउनुपर्ने भन्दै सिंहदरबार धाइरहेको छ। बागमतीले हेटौँडा उपमहानगरमा वनको जग्गा छनोट गरे पनि संघ सरकारले भोगाधिकार दिएको छैन। गण्डकी र कर्णालीले प्रशासनिक केन्द्र बनाउने योजना अघि सारे पनि नगर विकास समितिबाट जग्गा पाउन सकेका छैनन्।

लुम्बिनीले भने सहरभन्दा बाहिर दाङको देउखुरीमा राजधानी बनाइसकेको छ। स्थायी संरचना निर्माणको काम पनि अन्तिम चरणमा पुऱ्याएको छ। अस्थायी मुकाम धनगढीबाट सरकार चलाइरहेको सुदूरपश्चिमले गोदावरी नगरपालिकाको तेघरीस्थित जंगल क्षेत्रमा राजधानी बनाउने निर्णय गरे पनि संघ सरकारले भोगाधिकार दिएको छैन।

जग्गा खोज्दै कोशी

विराटनगर स्थायी राजधानी तोकिए पनि प्रदेश सरकारका मन्त्रालय भने संघ सरकारको संरचना र निवास तथा भाडाका घरमा सञ्चालन भइरहेका छन्। सरकारलाई सबै मन्त्रालय, प्रदेश सभा र प्रदेश प्रमुखको समेत कार्यालय रहने गरी कम्तीमा १० बिघा जग्गा आवश्यक छ।

मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आन्तरिक मामिलामन्त्री रेवतीरमण भण्डारीलाई पुराना फाइल अध्ययन गरेर जग्गा खोजीका लागि सम्भाव्यता अध्ययन कार्यदल बनाउन निर्देशन दिएका छन्। 'सरकार आफ्नै संरचना बनाउन जग्गाको खोजीमा छ। म पुराना कार्यदलले सिफारिस गरेका फाइल अध्ययन गर्दै छु,' भण्डारीले नयाँ पत्रिकासँग भने, 'उपयुक्त स्थानमा जग्गा फेला परेमा सरकारले खरिद प्रक्रिया अगाडि बढाउँछ।'

पूर्ववर्ती मुख्यमन्त्री केदार कार्की नेतृत्वको मन्त्रिपरिषद् को ८ मंसिर ०८० को बैठकले दाताबाट प्रदेश सरकारको संरचना निर्माणका लागि सात बिघा जग्गा प्राप्ति गर्ने निर्णय गरेको थियो। बैठकले विराटनगर- ५ मा प्रदीपकुमार श्रेष्ठलगायतको नाममा रहेको चक्रपथको पश्चिमतर्फको पाँच बिघा र विराटनगर- ६ मा दीक्षान्त पोखरेलको नाममा रहेको दुई बिघा गरी सात बिघा जग्गा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा नामसारी गर्ने निर्णय थियो। तर, वर्तमान सरकारले नयाँ जग्गा खोजी थालेको छ।

राजधानीका लागि गुठीको जग्गा ताक्दै मधेश सरकार

मधेश सरकारले जनकपुरधाम उपमहानगरपालिका- १९ बेंगा शिवपुरस्थित गुठीको ५२ बिघा जग्गामा प्रशासनिक भवन निर्माण योजना अघि सारेको छ। तर, गुठी संस्थानको अधीनमा रहेकाले काम अगाडि बढ्न नसकेको मुख्यमन्त्री सतिशकुमार सिंहले बताए। प्रदेशभित्र गुठीमातहत रहेका जग्गा प्रदेश सरकारमातहत ल्याउन गुठी ऐन ल्याउन लागेको बताउँदै मुख्यमन्त्री सिंहले भने, 'प्रशासनिक भवनको डिपिआरसमेत तयार भइसकेको छ। जग्गा प्रदेशमातहत आएमा प्रदेश सरकारले प्रशासनिक भवन निर्माण सुरु गर्छ।'

यसअघिका सरकारले पनि स्थायी भौतिक संरचनाका लागि पहल गरेका थिए। तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले स्थायी भौतिक संरचना निर्माणका लागि अध्ययन र व्यवस्थापनका लागि तत्कालीन भौतिक पूर्वाधारमन्त्री रामसरोज यादव नेतृत्वमा उच्चस्तरीय समितिसमेत बनाएका थिए। समितिले जनकपुर चुरोट कारखाना, जनकपुरधाम- १९ बेंगा शिवपुरमा रहेको गुठी संस्थानको ५२ बिघा र प्रदेश सभाको छेउमा रहेको गुठीको १० बिघा जग्गामा भौतिक संरचना निर्माणका लागि सिफारिस गरेको थियो।

जग्गा नै प्राप्त हुन नसकेपछि बागमतीको स्थायी राजधानी योजना अलपत्र

२७ पुस ०७६ मा प्रदेशको स्थायी राजधानी हेटौँडा तोकिए पनि बागमती सरकारको स्थायी राजधानी बनाउने गुरुयोजना अलपत्र छ। मुख्यमन्त्री कार्यालयसहित १४ मन्त्रालय र मातहतका कार्यालय संघ सरकार अन्तर्गतका पुराना तथा जीर्ण भवनमा छन्। संस्कृति तथा पर्यटन मन्त्रालय हेटौँडा- ४ हुप्रचौरमा प्रतिमहिना एक लाख पाँच हजार भाडा तिरेर निजी घरमा बसिरहेको छ। ११ फागुन ०७८ मा प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले हेटौँडा उपमहानगरपालिकाभित्रका विभिन्न आठ स्थानमा कुल १९५.२७ बिघा जग्गा छनोट गरेको थियो। त्यसमध्ये हेटौँडा- १६ मा ५४ बिघा र हेटौँडा- १७ डिपोचौरको १२ बिघा जमिनमा प्रदेश सरकारको प्रादेशिक संरचना निर्माण गर्ने गरी सरकारले निर्णय गरेको थियो। तर, संघ सरकारबाट स्वीकृति नहुँदा जग्गा प्राप्त हुन नसकेको हो।

सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानले प्रादेशिक संरचना निर्माणका लागि जग्गा प्राप्ति गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको दाबी गरे। 'संघ सरकारको मन्त्रिपरिषद्बाट जग्गा प्राप्ति हुनासाथ निर्माणको प्रारम्भिक काम थाल्छौँ,' उनले भने।

गण्डकीले प्रशासनिक केन्द्र बनाउने योजना नै बिर्सियो

गण्डकी सरकारले चार वर्षअघि पोखरा महानगरपालिका- १७ पार्दीको एक सय २६ रोपनी जग्गामा मुख्य प्रशासनिक केन्द्र निर्माणको योजना अघि सारेको थियो। पोखरा उपत्यका नगर विकास समितिको नाममा रहेको जग्गामा १५ वटा भवन बनाउने योजना प्रदेश सरकारको भए पनि पोखरा महानगरले जग्गा दिन नसक्ने जवाफ दिएपछि योजना नै अलपत्र रह्यो।

अहिले त गण्डकी सरकारले प्रशासनिक केन्द्र बनाउने योजना नै बिर्सिएको छ। मन्त्रालयका लागि स्थायी संरचना निर्माणका लागि तत्काल कुनै योजना नरहेको सरकारका प्रवक्ता डा. टकराज गुरुङले बताए।

सहरबाहिर दाङको देउखुरीमा राजधानी, भवन अन्तिम चरणमा

०७४ मा प्रदेश सरकार गठन हुँदा बुटवललाई अस्थायी मुकाम बनाइयो। धेरैजसो प्रदेशले अस्थायी मुकामलाई नै राजधानी बनाए। तर, लुम्बिनी प्रदेश सभाको २० असोज ०७७ को बैठकले राप्ती उपत्यकाको देउखुरीमा स्थायी राजधानी तोक्यो। तत्कालीन मुख्यमन्त्री शंकर पोखरेल हुँदा स्थायी राजधानी भालुवाङ सारिए पनि लामो समयसम्म बुटवलबाटै कामकाज भयो। त्यसपछि मुख्यमन्त्री बनेका कुलप्रसाद केसीले १९ मंसिर ०७९ मा रातारात राप्ती गाउँपालिका- ३ लालमटियामा रहेको राप्ती प्राविधिक शिक्षालयको भवनमा मुख्यमन्त्री कार्यालय सारे।

कार्यालय सारेपछि त्यहाँ बाँकी रहेको प्रदेश सभा भवन निर्माणको कार्यले पनि तीव्रता पायो भने अन्य मन्त्रालयको संरचनाको काम पनि अघि बढ्यो। अहिले देउखुरी उपत्यकामा मुख्यमन्त्री कार्यालयसहित नौ मन्त्रालयका भवन निर्माणको काम अन्तिम चरणमा छ। प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन एकाई कार्यालय दाङका सूचना अधिकारी इन्जिनियर प्रदीप भट्टराईका अनुसार फिनिसिङको काम बाँकी छ। भवन आसपासमा सडक विस्तार, ढल निकास, नाली, फुटपाथ, सडक-बत्ती जडानको काम पनि भइरहेको छ। लुम्बिनीका ११ मन्त्रालयमध्ये उद्योग, कृषि र स्वास्थ्य मन्त्रालय राजधानी परिसरबाहिर छन्। अब ती पनि परिसरमा सर्ने भएका छन्।

प्रशासनिक केन्द्र बनाउन जग्गाको भोगाधिकार माग्दै कर्णाली

तत्कालीन क्षेत्रीय सदरमुकाम सुर्खेत, वीरेन्द्रनगरलाई नै राजधानी बनाएको कर्णाली प्रदेश सरकारले पनि स्थायी संरचना बनाउन सकेको छैन। २३ मंसिर ०७६ को मन्त्रिपरिषद् बैठकले वीरेन्द्रनगर- ७ स्थित आन्तरिक मामिला तथा कानुन मन्त्रालयको दक्षिणपट्टि रहेको साढे दुई बिघा जग्गामा प्रशासनिक केन्द्र निर्माण गर्ने निर्णय गरे पनि प्रक्रिया अगाडि बढ्न सकेको छैन। प्रशासनिक केन्द्र बनाउन प्रस्ताव गरिएको जग्गा वीरेन्द्रनगर नगरपालिकाअन्तर्गत सुर्खेत उपत्यका नगर विकास समितिका नाममा छ। जग्गा प्राप्तिका लागि सुर्खेत उपत्यका नगर विकास समितिले ०७६ माघमा जग्गाको भोगाधिकार दिने निर्णय गर्दै संघ सरकारको सहरी विकास मन्त्रालयलाई सिफारिस गरेको थियो। तर, प्रक्रिया थालेको पाँच वर्ष बित्दासमेत संघीय सरकारले जग्गा उपलब्ध गराएको छैन।

प्रशासनिक केन्द्रमा प्रदेशका आठ मन्त्रालय रहने गरी भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार पारिसकेको छ। प्रदेश सरकारले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आन्तरिक मामिला तथा कानुन, भौतिक पूर्वाधार तथा सहरी विकास, सामाजिक विकास, भूमि व्यवस्था, कृषि तथा सहकारी, उद्योग, पर्यटन, वन तथा वातावरण, आर्थिक मामिला तथा योजना मन्त्रालयलाई एउटै परिसरबाट सञ्चालन गर्ने योजना बनाएको थियो।

रुख कटानको अनुमति कुर्दै सुदूरपश्चिम सरकार

सुदूरपश्चिमले पनि सहरभन्दा बाहिर अझ वनजंगल क्षेत्रमा राजधानी बनाउने निर्णय गरेको थियो। प्रदेश सभाको १२ असोज ०७५ को बैठकले नाम सुदूरपश्चिम र स्थायी राजधानी कैलालीको गोदावरी नगरपालिकास्थित तेघरीमा बनाउने निर्णय गरे पनि जग्गा प्राप्त हुन सकेको थिएन।

तर, सरकारले हालै मात्र भूमि अध्यादेश जारी गरेपछि सुदूरपश्चिम सरकारलाई आशा पलाएको छ। वन, बुट्यान रहेको क्षेत्र पनि नेपाल सरकारका नाममा ल्याउने बाटो अध्यादेशबाट खोलिएको छ। अब तेघरीको जग्गा पनि नेपाल सरकार हुँदै प्रदेशलाई भोगाधिकार हस्तान्तरण हुने सम्भावना छ। गोदावरी क्षेत्रको ३० लाख सात हजार २३७ वर्गमिटर जग्गाको भोगाधिकार दिनुपर्ने माग प्रदेश सरकारको छ।

मुख्यमन्त्री कमलबहादुर शाह भने जग्गाको भोगाधिकार नपाएकै कारण सरकारले राजधानी निर्माणको प्रक्रिया सुरु गर्न नसकेको बताउँछन्। 'राजधानीको विषय प्रदेश सभाले पारित गरेदेखि जग्गाको भोगाधिकार प्राप्तिका लागि अहिलेसम्म संघलाई गरिएका पत्राचार, पहलहरू उल्लेख गरेर संघीय सरकारलाई पत्र पठाएका छौँ,' मुख्यमन्त्री शाहले भने, 'जग्गाको भोगाधिकारदेखि रुख कटानको अनुमति दिनुपऱ्यो, नभए हामी विकल्पमा जान्छौँ भनेका छौँ।'

Bagmati Province Government
Ministry of Water Supply, Energy and Irrigation
Water Supply and Sanitation Division No 2, Dhading
Published Date: 2081/10/09

Notice of Intent for Approval

This is to inform all concerned bidders, that for the fallowing works published on Himalaya Times National Daily dated 2081/08/24,with procedure of single stage single envelope, among the duly submitted bids within the stipulated date and time, it is our intention to award the contract to the lowest evaluated substantially responsive bids of the following bidder .This notice has been published pursuant to the clause 27 (2) of public procurement act 2063(with amendment) of Nepal for approval of the contract.

S N	Contract No	Name of Works	Bidder's Name and address	Evaluated Bid Amount (with VAT)
1	NCB/GOODS/01/081/82/WSSD2/DHADING	Supply and Delivery of PE 100 (NS40) HDPE pipes, Dhading	Shreekrishna Multi Business Pvt. Ltd. Nilkantha-8, Dhading	Nrs: 1,12,31,514.09 (Rupees One Crore Twelve Lakh Thirty One Thousand Five Hundred Fourteen and Paisa Nine Only)

Division Chief
WSSD2, Dhading

‘नैतिक प्रश्न’ भन्दै विपक्षीले मागे लेखा समिति सभापतिको राजीनामा, कांग्रेस सांसदको पनि साथ

सहकारी ठगीमा जोडिएपछि नैतिक प्रश्न उठेको सांसदहरूको आरोप

कमलराज भट्ट/नयाँ पत्रिका



ऋषिकेश पोखरेल
सभापति, लेखा समिति

विपक्षी दलहरूले नैतिक प्रश्न उठेको भन्दै सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलको राजीनामा मागेका छन्। संसदीय अभ्यासअनुसार लेखा समिति सभापति प्रतिपक्षी दलले पाउनुपर्ने सैद्धान्तिक अवधारणाको समर्थन गर्दै सत्तारूढ कांग्रेसका सांसदले पनि त्यसमा सर्मथन जनाएका छन्। समितिको मंगलबार बसेको बैठकमा प्रमुख प्रतिपक्षी माओवादी र विपक्षी रास्वपाका सांसदले अहिलेका सभापति सत्तापक्षको हुँदा समिति सरकारको लाचार छायाजस्तो बनेको, उनीमाथि सहकारी ठगीको विषयमा नैतिक प्रश्न उठेको भन्दै राजीनामा मागेका हुन्। तर, एमालेका सांसदहरूले भने समितिको नेतृत्वबारे निर्णय राजनीतिक शीर्ष तहको सहमतिपछि मात्रै हुन सक्ने धारणा राखेका छन्।

माओवादी सांसद लेखनाथ दाहालले सत्तापक्षको दलबाट सभापति रहिरहँदा समितिका कामकारबाही प्रभावित भएको बताए। उनले सरकारका गलत कामसँग सम्बन्धित उजुरीमा छलफल नभएको र सभापतिमाथि नैतिक प्रश्न उठ्दा पनि पदमा कायम रहनुले सरकारले गरेका कुकर्मलाई वैधानिकता दिन खोजिएको शंका उत्पन्न भएको बताए। सरकारले गरेका दुष्कर्मको प्रतिवाद गर्ने र उजुरी छानबिन गर्ने भन्दा पनि उजुरी रोक्ने, छोप्ने र कुकर्मलाई वैधानिकता दिन खोजेको हो कि भन्ने आशंका गर्ने पर्याप्त ठाउँ रहेको उनको भनाइ थियो। माओवादी उपमहासचिव जनार्दन शर्माले संसदीय परम्पराअनुसार लेखा सभापति विपक्षीले पाउनुपर्ने बताए। यस्तै, माओवादीकै अमनलाल मोदीले सभापतिलाई नैतिकता देखाउन आग्रह गरे।

रास्वपा सांसद हरि ढकालले पनि लेखा समितिको सभापति प्रतिपक्षको हुनुपर्ने र विगतमा सत्तारूढ दलका सांसदले सभापति नछाडेको गलत उदाहरण दिएर कुतर्क नगर्न अनुरोध गरे। कांग्रेस सांसद अर्जुननरसिंह केसीले पनि मार्गप्रशस्त गर्न सभापतिलाई अनुरोध गरे। विपक्षीले सभापतिको राजीनामा मागेपछि प्रमुख सत्तारूढ एमाले सचिव योगेश भट्टराईले राजनीतिक शीर्ष तहमा सहमति भए समितिको नेतृत्व छोड्न तयार रहेको बताए। कांग्रेस सांसद देव तिम्सिनाले अर्को बैठकमा नेताहरूसँग बसेर सभापति फलानोलाई दिने निर्क्योल गरेर आउन माग गरे। सभापति ऋषिकेश पोखरेलले राजनीतिक रूपमा उठाएका विषय राजनीतिक तहबाटै हल हुने भन्दै आफूले टिप्पणी नगर्ने दोहोऱ्याए।



■ ‘अध्यादेशका प्रावधान आपत्तिजनक छन्, छलफल चलाऔं’

माओवादी सांसद लेखनाथ दाहाल, कांग्रेस सांसद सञ्जय गौतम र स्वतन्त्र सांसद अमरेशकुमार सिंहले सरकारले ल्याएका अध्यादेशका प्रावधान आपत्तिजनक र संविधानसँग बाझिने खालको रहेको भन्दै समितिमा छलफल चलाउन प्रस्ताव गरे। सांसद गौतमले बजेट रकमान्तर गर्ने अध्यादेशको व्यवस्थाले नीतिगत भ्रष्टाचारलाई प्रश्रय दिने भन्दै छलफल चलाउने माग गरे। सांसद दाहालले भने, ‘जे-जस्ता गम्भीर प्रकृतिका दीर्घकालीन असर राख्ने विषय आएका छन्, यसले सीमित केही व्यक्ति र व्यापारीलाई पोस्न आएको हो कि कि भन्ने आशंका छ। यसबारेमा छलफल गर्नुपर्छ।’ सिंहले अध्यादेश संविधानसम्मत नरहेको र लेखा समितिको अधिकार खोस्ने गरी आएको टिप्पणी गरे। विपक्षीबाट अध्यादेशको आलोचना भएपछि एमाले सांसद गोकुल बाँस्टोकाले अध्यादेश ल्याउनु अलोकतान्त्रिक नरहेको र संविधानमै व्यवस्था रहेको स्मरण गराए।

समिति बैठकमा कसले के भने ?



■ लेखनाथ दाहाल
सांसद, माओवादी

सभापति बनिसकेपछि तपाईंसँग सम्बन्धित केही विषयवस्तु आएका छन्। चाहे सहकारीसँग जोडिएर होस् वा पछिल्लो समय स्वकीय सचिवमार्फत भएका गैरकानुनी गतिविधिसँग जोडिएको होस्। तपाईं नैतिक हिसाबले कमजोर हुनुभयो। प्रमुख प्रतिपक्षी दलले पाउनुपर्ने समिति सभापतिमा जबर्जस्त बसिराख्नुभएको छ।



■ हरि ढकाल, सांसद, रास्वपा

विगतमा के बिग्रेको थियो भनेर त्यही गर्नुपर्छ भन्ने होइन। विश्वव्यापी मान्यताअनुसार पनि लेखा समिति सभापति प्रतिपक्षीको हुनुपर्छ। सभापतिमाथि प्रश्न उठ्दा समिति नै नैतिक रूपमा कमजोर बनेको छ। आमनागरिकले समाचारहरूमा चासो राखेका छन् र सभापतिलाई प्रश्न गरेका छन्।



■ योगेश भट्टराई
सांसद, एमाले

लेखा समिति सभापतिको विषयमा कचकच किन गरिराख्ने, संविधान संशोधन गर्दा लेखा समितिको सभापति विपक्षी दलको भनेर प्रस्ताव राखौं। यो सकिँदैन भने संसद्को नियमावली संशोधन गरेर यो व्यवस्था गरौं। अन्यथा सभापतिजीलाई पटक-पटक पिन्च गर्ने कुरा जायज छैन।



■ अर्जुननरसिंह केसी
सांसद, कांग्रेस

परम्परा र विश्वव्यापी प्रचलन भनेको जसले पावर कन्ट्रोल गर्छ त्यो निरंकुश हुन्छ। त्यसलाई अंकुश लगाउन सार्वजनिक लेखा समितिमा लोकतान्त्रिक पद्धतिको व्यवस्था गरिएको हो। तर, त्यो व्यवस्था तोड्दै आएका छौं। परम्परानुसार सत्तापक्षले छोडेर प्रतिपक्षलाई दिने विश्वव्यापी चलन हो।

■ माओवादी सांसद दाहाल र एमालेका लामाबिच घोचपेच

माओवादी सांसद लेखनाथ दाहाल र एमाले सांसद तारालामा तामाङबिच जुहारी चल्यो। तामाङले अबदेखि बैठकमा राजीनामाको विषय उठाए राम्रो नहुने चेतावनी दिएपछि विवाद भएको हो। दाहालले ‘राम्रो हुँदैन भनेर कुस्ती खेल्न खोजेको हो’ भनेर प्रश्न गर्दा ‘त्यही बुझ्दा हुन्छ’ भनेर तामाङले जवाफ दिए। त्यसपछि विवाद झन चर्किएको थियो।

असंसदीय शब्द प्रयोग गरेर आफूहरूको बोल्ने अधिकारमाथि धावा बोलेको, मुख बन्द गर्न खोजेको भन्दै दाहालले रेकर्डबाट हटाउने माग गरे। एमाले सांसद योगेश भट्टराईले माओवादीभन्दा २० वर्षअघिदेखि संसद्मा रहेको उल्लेख गर्दै अबदेखि राम्रो हुँदैन भन्ने शब्द कसरी असंसदीय भन्दै प्रतिप्रश्न गरे। तामाङले आफूले कसैलाई इंगित गरेर नबोलेको प्रस्टीकरण दिए। दाहालले ‘जे भए पनि धम्क्याउने भाषा नबोल्नुस्’ भनेका थिए। माओवादी सांसद अमनलाल मोदीले एमालेलाई प्रतिपक्ष भएकै कारण लेखा सभापति दिएको उल्लेख गर्दै प्रतिपक्षको साथीहरू बोल्दा धम्की दिने कुरा स्वीकार्य नहुने बताए। सांसद तामाङले सुरुवातमा सभापति पोखरेललाई भोट गरेर नल्याएको भन्दै भाइरल हुनका लागि एउटै कुरा दोहोऱ्याएर नबोल्न चेतावनी दिएका थिए।

■ ऊर्जामन्त्रीको विषयमा माओवादी सांसदले गरे छलफलको माग

माओवादी सांसद अमनलाल मोदीले करोडौं आर्थिक चलखेलमा ऊर्जामन्त्री दीपक खड्काले स्वार्थ बाझिने गरी रातारात कार्यविधि बनाएर कर्णाली र किमाथांका आयोजना निश्चित समूहलाई दिने विषयमा छलफलको माग गरे। ‘ऊर्जामन्त्रीसँग जोडिएर विषय उठेको छ। करोडौं चेकको कुरा आएको छ। यो विषयमा छलफल गर्नुपर्छ,’ उनले भने। यसअघि ऊर्जामन्त्री खड्कासँग जोडिएको स्काउट जग्गा कब्जा तथा भाडा भुक्तानी नगरेको विषयमा राज्य व्यवस्थामा उजुरी परेको छ। ऊर्जामन्त्री खड्का सञ्चालक रहेको खड्काल्यान्ड डेभलपमेन्ट प्रालिले जग्गा भाडाबापतको रकम तिरेको छैन। सार्वजनिक लेखा समितिले उजुरी छानबिन गर्न सञ्जय गौतमको संयोजकत्वमा उपसमिति गठन गरेको छ। समितिमा गोकुल बाँस्कोटा, राजन दाहाल, अमरेश सिंह, हरि ढकाल, प्रेम आले र मञ्जु खाण सदस्य छन्। समितिमा सयवटा उजुरी परेका छन्। मंगलबार सदस्यहरूलाई उजुरी वितरण गरिएको छ।

■ कानुन मन्त्रालयलाई महान्यायाधिवक्ताको सुझाव

‘विवाहको उमेर २० नै राखौं, १८ मा बिहे गर्नेलाई छुट्टाछुट्टै राखौं’

शिल्पा कर्ण/नयाँ पत्रिका

विवाह गर्ने उमेर घटाएर १८ वर्ष कायम गर्न संसद्को कानुन, न्याय तथा मानव अधिकार समिति र कानुनमन्त्री अजयकुमार चौरसियासमेतले पहल गरिरहेका वेला महान्यायाधिवक्ताको कार्यालयले २० वर्ष नै हुनुपर्ने सुझाव दिएको छ। समितिको मंगलबारको बैठकमा महान्यायाधिवक्ता रमेश बडालले विवाहसम्बन्धी केही विषयलाई संशोधन गरेर विवाहको उमेर भने २० नै राख्नुपर्ने सुझाव कानुन मन्त्रालयलाई दिएको बताए।

कार्यालयले २० वर्षभन्दा कम उमेरमा विवाह गरे थुनामै पठाउनु समाधान नभएको भन्दै त्यस्तो अवस्था भए विकल्पमा जानुपर्ने पनि सुझाएको छ। ‘विवाह गर्ने उमेर २० वर्ष नै यथावत् राख्नुपर्ने सुझाव दिएका छौं,’ महान्यायाधिवक्ता बडालले समितिमा भने, ‘१६ वर्षभन्दा कममा विवाह गर्नेको हकमा अहिलेकै कानुनी व्यवस्था राख्ने। १६ वर्षदेखि १८ वर्षसम्म उमेर भएकाले विवाह गरे एक वर्षसम्म कैद सजाय राख्ने। त्यस्तै, १८ वर्षमाथिका, तर २० वर्ष नपुगेकाहरूले विवाह गरे जरिवाना मात्रै राखेर छुट्टाछुट्टै बस्ने गरी कागज गराएर आ-आफ्नो घर पठाइदिने। यो अवधिमा विवाह बदर गराउन स्वतन्त्र रहने, नत्र विवाह निरन्तर नै रहने हाम्रो सुझाव छ।’

मुलुकी देवानी संहिता, २०७४ ले विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। ऐनमा तोकेको उमेर नपुगी भएको विवाह स्वतः बदर तथा प्रारम्भदेखि नै अमान्य हुने व्यवस्था संहितामा छ। तर, महान्यायाधिवक्ता कार्यालयले १६ वर्षमाथि र २० वर्षमुनिको उमेरमा विवाहको हकमा केही संशोधनको सुझाव दिए पनि १६ वर्षभन्दा कम उमेरमा गरिएको विवाहमा भने अहिलेकै कानुन लागू गर्नुपर्ने भनेको छ।

मुलुकी देवानी संहिता, २०७४ को कार्यान्वयन अवस्था कस्तो छ भनेर समितिका सांसदहरू प्रदेशहरूमा गई अनुगमन गरेपछि विवाहको उमेर १८ मा झार्न सुझाव दिएका थिए। यस विषयमा समितिले उपसमितिसमेत गठन गरेको थियो। उक्त उपसमितिले गत ३० कात्तिकमा विवाह गर्ने उमेर १८ मा झार्नुपर्ने सुझाव दिएको थियो। उपसमितिले संघीय कानुनहरूको उत्तरविधायिकी परीक्षण गर्ने क्रममा यस्तो सुझाव आएको भन्दै प्रतिवेदन पेस गरेको थियो। त्यस्तै, कानुनमन्त्री चौरसियाले सबै दलका प्रतिनिधि राखेर विवाहको उमेर घटाउने विषय राखेका थिए। तर, सांसदहरूबिच एकमत हुन सकेको थिएन।



■ रमेश बडाल,
महान्यायाधिवक्ता

विवाह गर्ने उमेर २० वर्ष नै यथावत् राख्नुपर्ने सुझाव दिएका छौं। १६ वर्षभन्दा कममा विवाह गर्नेको हकमा अहिलेकै कानुनी व्यवस्था राख्ने। १६ वर्षदेखि १८ वर्षसम्म उमेर भएकाले विवाह गरे एक वर्षसम्म कैद सजाय राख्ने। त्यस्तै, १८ वर्षमाथिका, तर २० वर्ष नपुगेकाहरूले विवाह गरे जरिवाना मात्रै राखेर छुट्टाछुट्टै बस्ने गरी कागज गराएर आ-आफ्नो घर पठाइदिने। यो अवधिमा विवाह बदर गराउन स्वतन्त्र रहने, नत्र विवाह निरन्तर नै रहने हाम्रो सुझाव छ।

यस्तो अवस्थामा आफूहरूले दिएको सुझाव उपयुक्त भएको महान्यायाधिवक्ता बडालले बताए। २० वर्षे उमेरहद मुख्यगरी महिलाको प्रजनन स्वास्थ्यसँग जोडिएकाले यसलाई घटाउनु उपयुक्त नहुने धारणा आफूहरूको रहेको उनको भनाइ छ। तर, कम उमेरमा हुने विवाह न्यूनीकरण गर्न सजाय मात्र विकल्प नभएको उनको जोड छ।

■ मुद्दाको सफलता दरमाथि सांसदहरूको प्रश्न

समितिमा उपस्थित सांसदहरूले मुद्दाको सफलता दरलाई लिएर पनि महान्यायाधिवक्तामाथि प्रश्न गरेका थिए। तर, ३१ प्रतिशत हाराहारी मुद्दामा असफल भएको र त्यसलाई सरकारी वकिल नै असफल भएको भन्न नमिल्ने बडालको जवाफ थियो। ‘जिल्लामा जुन लेभलको सफलता दर हुन्छ, उच्चमा त्यो घट्छ र सर्वोच्चमा झन् घट्छ। त्यसैले औसतमा त्यति आएको हो। ३१ प्रतिशतलाई नै असफल भएको भन्ने अर्थमा बुझिदिनुभएन,’ बडालले भने।

सांसदहरूले मुद्दामा ढिलाइ भइरहेको विषयमा पनि चासो राखेका थिए। तर, आफूहरूकै कारण यस्तो भएको नभई समग्रमा अदालती प्रक्रिया र त्यसमा पनि म्याद तामेलीले समय लाग्ने गरेको बडालको दाबी थियो। यसमा संशोधन गर्ने सुझाव पनि आफूहरूले दिएको उनले बताए। साथै फरार भएका प्रतिवादीको हकमा मुद्दा तामेलीमा राख्ने व्यवस्था हटाउने माग आफूहरूले गरेको उनले समितिसमक्ष बताए।

बैठकमा उपस्थित कानुनमन्त्री अजयकुमार चौरसियाले यसअघि कानुनमा गर्नुपर्ने संशोधनका विषयहरू अध्यादेशमार्फत ल्याइएको बताए। यसअघि र हालका महान्यायाधिवक्तासमेतले दिएको सुझाव समेटेर अध्यादेश जारी भएको उनको भनाइ थियो।

बालबालिकामाथि हुने यौनजन्य दुर्व्यवहार रोक्न विद्यालयमा पोस्टर अभियान

काठमाडौं/ बालबालिकामाथि हुने यौनजन्य दुर्व्यवहारका घटना न्यूनीकरणका लागि प्रहरीले काभ्रेपलाञ्चोकका हरेक विद्यालयमा शब्दचित्रसहितको पोस्टर राख्ने अभियान थालेको छ। दुर्व्यवहारबारे बालबालिकालाई सहज र प्रभावकारी रूपमा सचेत गराउन यस्तो अभियान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ। स्थानीय तहसँगको सहकार्यमा प्रहरीले नयाँ शैलीको सचेतना कार्यक्रम थालेको हो। हालसम्म चारवटा स्थानीय तहका प्रमुखलाई पोस्टरको नमुना दिएर प्रहरीले सचेतनाको अभियान अघि बढाएको छ। काभ्रेपलाञ्चोककी प्रहरी प्रमुख एसपी वसुन्धरा खड्काले मंगलबार बनेपा नगरपालिकाका मेयर शान्तिरत्न शाक्यलाई यससम्बन्धी पोस्टर हस्तान्तरण गरेकी छिन्। यअसघि नमोबुद्ध नगरपालिका तथा रोशी र तेमाल गाउँपालिकालाई हस्तान्तरण भइसकेको र जिल्ला बाँकी नौ स्थानीय तहमा माघभित्रै हस्तान्तरण गरिने प्रहरीले जनाएको छ।

महतोको दल दर्ता, चुनाव चिह्न ग्यास सिलिन्डर

काठमाडौं/ राजेन्द्र महतो अध्यक्ष रहेको ‘राष्ट्रिय मुक्ति पार्टी नेपाल’ निर्वाचन आयोगमा दर्ता भएको छ। गत कात्तिकमा दल दर्ताका लागि निवेदन दिएकोमा आयोगले मंगलबार दर्ता प्रमाणपत्र प्रदान गरेको हो। आयोगका अनुसार उक्त दलको दर्ता नम्बर २०१ रहेको छ। गत वर्ष फागुनमा लोसपा परित्याग गरेका राजेन्द्र महतोले ९ कात्तिकमा नयाँ दल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका थिए। लोसपा परित्यागपछि महतोले केही समयदेखि राष्ट्रिय मुक्ति अभियान चलाउँदै आएका थिए। नेता केशव झाका अनुसार शुक्रबार राष्ट्रिय मुक्ति पार्टी नेपाल नामक दलमा १७३ केन्द्रीय समिति रहने गरी दर्ताका लागि आयोगमा निवेदन दिइएको थियो। पार्टीको चुनाव चिह्न माछा प्रस्ताव गरिएको छ। पार्टीले आयोगबाट भने ग्यास सिलिन्डर चिह्न पाएको छ। लोसपासँग असन्तुष्ट महतोले गत वर्ष १ असोजमा नयाँ पार्टी घोषणा गरेका थिए। ‘स्वदेशवाद, सांस्कृतिक राष्ट्रवाद र सामुदायिक समाजवादको मार्गनिर्देशक सिद्धान्तमा आधारित बहुल राष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्तिको निम्ति’ दल दर्ता गरेको महतोले दल दर्तापछि जारी विज्ञप्तिमा भनेका छन्।

■ एघारौं महाधिवेशनको पूर्वतयारीमा एमाले
२०, २१ र २२ भदौमा विधान महाधिवेशन

काठमाडौं/ सत्तारूढ दल एमालेले पार्टीको एघारौं महाधिवेशनको तयारी सुरु गरेको छ। एघारौं महाधिवेशनको तयारीको सिलसिलामा एमालेले पार्टीको विधान महाधिवेशन आगामी २०, २१ र २२ भदौमा गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा मंगलबार राति बसेको केन्द्रीय सचिवालय बैठकले पार्टीको विधान महाधिवेशन ललितपुरको गोदावरीमा गर्ने निर्णय गरेको हो। यसअघि दसौं महाधिवेशनको दुई महिनाअघि १५ देखि १७ असोज, ०७८ मा पार्टीको विधान महाधिवेशन एमालेले सोही स्थानमा सम्पन्न गरेको थियो। त्यसलगत्तै ९ मंसिरमा दसौं महाधिवेशन चितवनमा सम्पन्न भएको थियो।

नीति महाधिवेशन र नेतृत्व चयन गर्ने महाधिवेशन अलग-अलग गर्ने एमालेको विधानमा व्यवस्था छ। नीति महाधिवेशनले विधान पास गरेपछि नेतृत्व चयन गर्ने महाधिवेशन सम्पन्न हुन्छ। हरेक पाँच वर्षमा हुने महाधिवेशनको बिचमा एकपटक विधान महाधिवेशन गर्ने एमालेको विधानमा व्यवस्था छ। स्थायी समिति सदस्य तथा प्रचार विभागका प्रमुख राजेन्द्र गौतमले सचिवालय बैठकले विधान महाधिवेशन गर्ने महत्त्वपूर्ण निर्णय गरेको बताए। ‘एक महाधिवेशनबाट अर्को महाधिवेशनको बिचमा विधान महाधिवेशन गर्ने पार्टीको वैधानिक व्यवस्थाअनुसार सचिवालयले विधान महाधिवेशनको मिति तय गरेको हो,’ गौतमले नयाँ पत्रिकासँग भने, ‘विधान पारित भएपछि नेतृत्व चयन गर्ने महाधिवेशन सम्पन्न हुन्छ।’

विधानअनुसार आगामी मंसिरपछि एमालेले एक वर्षभित्र नेतृत्व चयन गर्ने महाधिवेशन सम्पन्न गर्नुपर्ने हुन्छ। अध्यक्ष केपी ओली सकेसम्म ०८२ भित्रै महाधिवेशन सम्पन्न गरेर आफ्नै नेतृत्वमा ०८४ को निर्वाचन सम्पन्न गराउने योजनामा छन्। ओलीको योजनाअनुसार नै एमालेले मिसन ८४ केन्द्रित कार्ययोजना बनाएर अगाडि बढाइरहेको छ। एमालेले तीन वर्ष कार्यकाल पूरा गरेका १६ वटा जनवर्गीय संगठनको महाधिवेशन पनि आगामी वैशाखभित्र गर्दै छ।

त्यस्तै, बैठकले पूर्वउपाध्यक्ष वामदेव गौतमले नेतृत्व गरेको पार्टी एकता राष्ट्रिय एकता अभियानसँग सहकार्य अगाडि बढाउने निर्णय पनि गरेको छ। यो निर्णयका आधारमा गौतमलाई पार्टी प्रवेश गराउने एमालेको तयारी छ। सहकार्य नाम दिएर गौतम र उनीनिकटलाई समायोजित गर्ने गरी तयारी भइरहेको एक पदाधिकारीले बताए। त्यस्तै, बैठकले गण्डकी, कर्णाली र सम्पर्क समन्वय विशेष कमिटीमा केही सदस्य मनोनयन पनि गरेको छ।

EXPRESSION OF INTEREST (EOI)
FOR TRANSFER PRICING AUDIT /CERTIFICATION RELATED SERVICES

A leading multinational company in Nepal seeks 'Expression of Interest' (EOI) to identify suitably qualified and experienced Audit firms licensed by the Institute of Chartered Accountants of Nepal (ICAN) to provide Transfer Pricing Audit and Certification related services to the Company.

Eligibility Criteria

Respondent firms should meet the following criteria:

1. Should be registered in Nepal and should be licensed by ICAN to provide Transfer Pricing Audit and related services in line with the requirements of Directives on Transfer Pricing, 2081 issued by the Inland Revenue Department, Nepal;
2. Should not have been blacklisted by Nepalese Govt./Public sector units/Bank and Financial Institutions;
3. Should have either completed or currently engaged in Transfer Pricing Audits / Certification related jobs (preferable);
4. Affiliation (preferable) to international accounting firms and access to resources which enable the firm to provide such services will be an added advantage.

Information Required

Interested firms are required to submit following information:

1. Firm's profile & background (including details of Partners, staff count, clients handled, etc.)
2. Details of international affiliation and its relevance for delivery of Transfer Pricing related services, if any.
3. Overview of experience in handling Income Tax related matters in Nepal.

Contact Information

Interested firms are required to send the aforementioned information to nepalenquiry@gmail.com within 20 days of publication of this notice.

Khatyad Rural Municipality
Office of the Rural Municipal Executive
Majhchaur , Mugu

Invitation for Bids

First Date of Publication: - 2081/10/9 BS

1. **Khatyad Rural municipality Majhchaur, Mugu** invites only electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding under the Single-Stage, Single Envelope Biding Procedure.

SN	Contract No/ Bid No	Description of Works	Total cost of project including VAT	Bid Security Amount (NRs)	Bid document Price (NRs)	Remarks
1.	KRM/NCB/WORKS/ 09/081/82	Puttakhola Jogilekh Rola Saina Jeuka Road Construction work. Khatyad-1,2,3.	1,94,93,370.65	4,87,335	3000.00/-	
2	KRM/NCB/WORKS/ 10/081/082	Ratapani Nakharji Road Construction work. Khatyad-9, Mugu.	28,38,694.09	71000	3000.00/-	
3	KRM/NCB/WORKS/ 11/081/082	Ratapani Lui Road Construction work. Khatyad-11, Mugu.	37,47,181.81	94000	3000.00/-	

2. Purchase, Submission and Opening:

Activity	Date	Time
Submission of Bid	Up to 2081/11/09	(21th Feb. 2025) 12:00 Hrs
Opening of Bid	Up to 2081/11/09	(21th Feb. 2025) 14:00 Hrs

3. Information to deposit the cost of bidding document:-
- Name of the Bank: Machhapuchchhre Bank,Khatyad, Branch.
- Name of Office: Khatyad Rural Municipality
- Dharauti Account no.: 0720065818000068
- Rajaswa (revenue) Account no : 0720065818000083

4. Bidders shall have the option of submitting their bids: "by electronic only". Bids received after this deadline will be rejected.
5. The unit price furnished in words shall prevail in case of any discrepancy between figures and words.
6. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 (First amendment 2073 as well and Public Procurement Regulation 2064.
7. Bids must be valid for a period of 90 days after bid opening which shall be valid for 30 days beyond the validity period of the bid.
8. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time to contract Award.
9. For all other details, please refer to the complete set of bidding documents at Khatyad Rural Municipality, Majhchaur, Mugu

Chief Administrative Officer
Khatyad Rural Municipality, Majhchaur, Mugu

सरकारवादी फौजदारी मुद्दाको घट्दो सफलता दर

नयाँ-नयाँ प्रकृतिका अपराध बढिरहेको समयमा अनुसन्धानलाई प्रश्नरहित र सफल बनाउन अनुसन्धानकर्ताले सजग, सुझबुझपूर्ण र उच्चस्तरीय दक्षता प्रदर्शन गर्नुपर्छ



● विष्णुहरि मरासिनी

अग्रलेख



नेपालको संविधानको धारा १५९ (१) मा महान्यायाधिवक्ताले प्रत्येक वर्ष संविधान र संघीय कानुनबमोजिम आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गरिने र राष्ट्रपतिद्वारा प्रधानमन्त्रीमार्फत संघीय संसद्मा पेस गरिने संवैधानिक व्यवस्थाअनुरूप सो प्रतिवेदन २८ पुसमा राष्ट्रपतिसमक्ष पेस गरिएको छ। जसअनुसार कुल ४५ हजार ९१ मुद्दा अभियोजन गरिएकामा फैसला भएका मुद्दामध्ये ६८.२७ प्रतिशत मुद्दामा सफलता अर्थात् कसुर कायम भएको अवस्था छ। जुन अघिल्लो वर्षको तुलनामा करिब चार प्रतिशतले कम रहेको छ। प्रस्तुत सन्दर्भमा यस लेखमा सरकारवादी फौजदारी मुद्दा र त्यसको घट्दो सफलताको दरमा मुख्य समस्या अनुसन्धान, अभियोजन बा कानुन के हो भन्ने विषयमा संक्षिप्तमा चर्चा गर्ने जमर्को गरिएको छ।

वैज्ञानिक र प्रमाणयोग्य अनुसन्धान : कुनै कसुरको सम्बन्धमा अनुसन्धान गर्न तोकिएको व्यक्तिलाई अनुसन्धान अधिकारी भनिन्छ। मुलुकी कार्यविधि संहिता ०७४ को दफा ४ अनुसार फौजदारी कसुर सोही संहिताको अनुसूची १ मा उल्लिखित कसुरका सम्बन्धमा कसुरको सूचना अर्थात् जाहेरी परेको क्षेत्रको प्रहरी कार्यालयबाट अनुसन्धान प्रारम्भ हुने कानुनी व्यवस्था छ भने अनुसूची २ का हकमा तोकिएको अधिकारीमार्फत अनुसन्धान हुने व्यवस्था छ। अनुसन्धान भनेको कसुरको विश्लेषण र कसुर भएको स्थानको अध्ययन गरेर वास्तविक कसुर भए-नभएको यकिन गर्ने कार्य हो। यसको उद्देश्य कसुर भएको हो भने शंकित व्यक्तिलाई पक्रने, निजविरुद्ध लाग्ने प्रमाणको संकलन गर्ने, पीडितको संरक्षण गर्ने र शंकारहित ढंगले शंकितउपरको आरोप पुष्टि हुने गरी अभियोजन गरी तोकिएको सरकारी वकिलसमक्ष प्रतिवेदन पेस गर्ने हो। भौतिक प्रमाण र तथ्यांकको संकलन, घटनास्थलको व्यवस्थापन, शंकितको पक्राउ र वैज्ञानिक र वस्तुनिष्ठ प्रमाण विश्लेषण हुन सकेमा वास्तविक रूपमा अनुसन्धान भई फौजदारी मुद्दाको अभियोजन हुन सक्छ र अदालतमा समेत त्यस्ता मुद्दामा सफलता पाइने निश्चित छ। हाम्रो अनुसन्धानलाई दृष्टिगत गर्दा मुद्दाको अनुसन्धान गर्ने कार्य प्रहरी निरीक्षक वा सहायक प्रहरी निरीक्षकसम्मको अधिकारीलाई मुद्दाको प्रकृतिका आधारमा अनुसन्धान अधिकृत तोकिने र उसकै नेतृत्वमा अनुसन्धान प्रक्रिया अगाडि बढ्ने अवस्था हुन्छ। अनुसन्धान आफैंमा चुनौतीपूर्ण कार्य हो र निष्पक्ष, पारदर्शी र वैज्ञानिक अनुसन्धान फौजदारी मुद्दाको सफलताको प्रथम कडी हो। परम्परागत अपराधका साथसाथै नयाँ-नयाँ प्रकृतिका अपराधले विश्वलाई चुनौती दिइरहेको आजको समयमा अनुसन्धान कार्यलाई प्रश्नरहित बनाउन अनुसन्धानकर्ताले निकै सजग, सुझबुझपूर्ण र उच्चस्तरीय क्षमता प्रदर्शन गर्नुपर्छ। भौतिक प्रमाण, तिनको संकलन, संरक्षण र विधिविज्ञान प्रयोगशालाबाट गरिने परीक्षणले प्रमाणहरूको विश्वसनीयतामा वृद्धि हुन गई सार्थक अभियोजनमा सहयोग पुग्ने देखिन्छ।

नेपालको परिप्रेक्ष्यमा अनुसन्धानकर्ता प्रहरीका हकमा विभिन्न मुद्दालाई कमजोर बनाउने नियतले अनुसन्धानलाई प्रभावित बनाएको, प्रमाण लोप गर्न सघाएको, अनुसन्धान परम्परागत शैलीमा हुने गरेको, पहुँच र राजनीतिक दबाबले समेत मुद्दा प्रभावित हुने गरेको देखिन्छ। अपराध अनुसन्धानका लागि प्रहरी कार्यालयमा छुट्टै शाखा रहे पनि आवश्यक लजिस्टिक र क्षमता विकासको प्रबन्ध न्यून भएको, उत्प्रेरित जनशक्तिको अभाव रहेको र निश्चित पदसोपानमा आधारित हुँदा स्वतन्त्र रूपमा अनुसन्धान हुनेमा विश्वस्त हुने अवस्था देखिन्न। जसले गर्दा मुद्दाको सफलता अपेक्षित रूपमा हात पर्न सकेको पाइँदैन। सफल अनुसन्धानका लागि योजना, प्रमाण संकलन, सूचनाको विश्लेषण, प्राप्त प्रमाणलाई लिपिबद्ध बनाउने काम, सूचना अदानप्रदान, साक्षी र पीडितसँगको समन्वय आदि महत्त्वपूर्ण पक्ष हुन्। अनुसन्धान अधिकारीलाई यस विषयमा तालिम, सीप र प्रविधियुक्त बनाई काममा आधारित 'पे सिस्टम' लागू गर्ने, पुरस्कार र दण्ड व्यवस्थालाई वृत्ति विकाससँग आबद्ध गराउनु जरुरी छ। साथै, विश्वमा रहेको असल अभ्यासको जानकारीका लागि वैदेशिक भ्रमणमा समेत समान रूपमा सहभागी गराउने तथा जनशक्ति उत्तराधिकारको अनुमानयोग्य व्यवस्था गराउन सकेमा पक्कै पनि अपेक्षित परिणाम प्राप्त गर्न सकिन्छ।

व्यावसायिक दक्षता र कार्यात्मक स्वतन्त्रता : अनुसन्धानबाट प्राप्त प्रमाणको विश्लेषण गरी संकितउपर के-कस्तो कसुरमा कुन कानुनका आधारमा अभियोजन गर्ने भनेर हाम्रो जस्तो वाद-प्रतिवाद प्रणाली अपनाएका देशमा विधिशास्त्रका ज्ञाता, कानुनका जानकार निश्चित परीक्षा प्रणालीबाट छनोट भई नेपालको हकमा न्याय सेवाअन्तर्गतको सरकारी वकिल समूहका अधिकृत वा सोभन्दा माथिका सरकारी वकिलमार्फत मुद्दा अभियोजन गर्ने, अदालतमा बहस पैरवीलगायत कार्य गर्ने रि-संरचनात्मक व्यवस्था संवैधानिक र कानुनी रूपमा गरेको देखिन्छ। अनुसन्धानको चरणदेखि नै सरकारी वकिलको नेतृत्वदायी भूमिका रहने, समय-समयमा निर्देशनसमेत दिनुपर्ने र उच्च व्यावसायिक दक्षता प्रदर्शन गर्ने अपेक्षा सरकारी वकिलबाट गरिएको हुन्छ। शंकितको मानवाधिकार र पीडितको क्षतिपूर्तिसहितको न्याय पाउने अधिकार सुनिश्चित गर्दै विनापूर्वाग्रह संकलित प्रमाण, कानुनका अधीनमा रही मुद्दाको अभियोजन गरेमा मुद्दाको सफलताको दर पनि वृद्धि हुने अवस्था हुन्छ। हाम्रो सन्दर्भ हेर्दा अधिकांश मुद्दामा अनुसन्धान अधिकारीको राय, कानुनमा उल्लिखित

> भौतिक प्रमाण र तथ्यांक संकलन, घटना-स्थलको व्यवस्थापन, शंकितको पक्राउ र वस्तुनिष्ठ प्रमाण विश्लेषण हुन सकेमा वास्तविक रूपमा अनुसन्धान भई फौजदारी मुद्दाको अभियोजन हुन सक्छ र अदालतमा समेत त्यस्ता मुद्दाको सफलता दर बढ्नेछ

> देवानी दायित्व वहन गरे पुग्ने फौजदारी कसुरमा सोहीअनुसारको प्रबन्ध गरेमा पनि केही मुद्दा मिलापत्रका माध्यमबाट समेत टुंगिई न्याय सम्पादनमा शीघ्रता देखिने र मुद्दा सफलताको दरसमेत वृद्धि हुने निश्चित छ

ठुलो दफा, भावनात्मक रूपमा मुद्दाको अभियोजन हुने गरेका यथार्थ पनि यदाकदा देखिन्छन्। विधिशास्त्रका ज्ञाता, कानुनका जानकार निश्चित परीक्षा प्रणालीबाट छनोट भई आएका र कानुनमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका सरकारी वकिलले व्यावसायिक दक्षता र कार्यात्मक स्वतन्त्रताको अधिकतम प्रयोग गरी मुद्दाको अभियोजन, प्रतिरक्षा र बहस पैरवी गर्न सकेमा पक्कै पनि सफलताको दर बढोत्तरी हुने अवस्था सिर्जना हुन्छ। कुनै-कुनै मुद्दामा चिकित्सकीय वा फरेन्सिक प्रतिवेदनमा जाहेरीमा उल्लिखित कुनै कसुरको पुष्टि नहुने तर जबर्जस्ती करणीको सट्टा यौन दुर्व्यवहार, ज्यान मार्ने उद्योगको सट्टा सामान्य कुटपिट, सवारीमा लापर्वाही पुष्टि नभए पनि सोही दफा लगाउने, मनसाय र कार्यप्रतिको सम्बन्ध स्थापित हुने-नहुने विषयमा समेत ठुलो सजाय हुने दफा प्रयोग गरी अभियोजन गर्दा फरक कसुर कायम भई सफलताको दर घटेको तथ्य पनि देखिन्छ। खासगरी माथिल्लो निकायबाट हुने शंका र यसले सिर्जित गर्ने मनोवैज्ञानिक त्रास, जोखिम वहन गर्ने क्षमताको अभाव, व्यावसायिक दक्षताको प्रयोग र कार्यात्मक स्वतन्त्रताको अभ्यासमा कमीका कारण त्यस्तो अवस्था आएको देखिन्छ। यसमा सुधार गर्न सीप, तालिम, अन्तर्राष्ट्रिय असल अभ्यासको अवलोकनमा सबै सरकारी वकिललाई समावेश गराउने, अभियोजनको गुणस्तर कायम गर्न समय-समयमा 'रिफ्रेसमेन्ट' तालिमसमेतको व्यवस्था हुनुपर्नेमा यी अवसर पनि निश्चित वर्गले मात्र पाउने गरेको अवस्था छ। ज्येष्ठता, कार्य सम्पादनभन्दा पनि अन्य गैरव्यावसायिक विषयद्वारा प्रभावित भई छनोट भएको अवस्थामा समेत कार्यमा उत्प्रेरित हुन नसक्दासमेत काम-कारबाहीमा अपेक्षित परिणाम आउन नसकेको यथार्थसमेत देखिन्छ।

विद्यमान कानुन र समसामयिक सुधार : वैज्ञानिक अनुसन्धान र वस्तुनिष्ठ अभियोजनले मात्र सरकारवादी मुद्दाको सफलताको दर वृद्धि हुने होइन। यसमा धेरै पक्षको महत्त्वपूर्ण भूमिका हुन्छ। फौजदारी कानुन कठोरताको सिद्धान्तमा आधारित हुन्छ। कानुनले परिभाषा गरेको कार्य मात्र अपराध हुने र सोहीबमोजिम सजाय र दण्डको व्यवस्था गरिने विश्वव्यापी मान्यता र फौजदारी विधिशास्त्र पनि हो। कानुनको अज्ञानता क्षम्य नहुने र कानुनको प्रचारप्रसारको समेत उचित व्यवस्था नहुने भएकाले समाजमा अपराधको अवस्था सिर्जना हुन्छ। यस सन्दर्भमा हाम्रा कानुनी व्यवस्था, कानुनले अपराध मानेका कसुर, कानुनमा रहेका द्विविधा, दोहोरोपन र अस्पष्टतासमेतमा समसामयिक सुधार गर्नुपर्ने हुन्छ। दुवैजना नाबालकबिच हुने विवाह, करणी, लेनदेन कार्य, चोरीको परिभाषा, दोहोरो कुटपिट, अभद्र व्यवहार, आत्महत्या दुरुत्साहनजस्ता अपराधको परिभाषा व्यापक बनाई कसुर कायम गर्ने र सजाय गर्ने गरी सुधार ल्याउनुपर्ने देखिन्छ। देवानी दायित्व वहन गरे पुग्ने फौजदारी कसुरमा सोहीअनुसारको प्रबन्ध गरेमा पनि केही मुद्दा मिलापत्रका माध्यमबाट समेत टुंगिई न्याय सम्पादनमा शीघ्रता देखिने अवस्था सिर्जना हुन्छ भने मुद्दा सफलताको दरसमेत वृद्धि हुने निश्चित छ। अनुसन्धानमा साबिती हुने र अदालतमा प्रतिकूल हुने अवस्था अन्त्य गर्न 'प्ली बार्गेनिङ (कानुनी प्रक्रिया सुरु हुनुअघि आरोपीद्वारा अपराध स्वीकार गर्ने) को अवधारणालाई अभ्यासमा ल्याउनु आवश्यक छ। मौकामा घटना विवरण कागज गर्दा वा जाहेरी दिँदा गरेको व्यहोराविपरीत अदालतमा प्रतिकूल व्यहोरा उल्लेख गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न साक्षीको संरक्षणसम्बन्धी कानुनी व्यवस्था पनि हुनुपर्छ।

अन्त्यमा, सरकारवादी फौजदारी मुद्दा र घट्दो सफलता दरको समस्या अनुसन्धान, अभियोजन वा कानुनमा मात्र नभई समग्र फौजदारी न्याय प्रणालीका विभिन्न क्षेत्रमा रहेका छन्। सीमित स्रोत-साधनको उचित प्रयोग गरी तिनमा समसामयिक सुधार गर्दै अगाडि बढ्नुको विकल्प छैन।

(मरासिनी नेपाल सरकारका कानुन अधिकृत हुन्)

---

३ प्रश्न

नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक **नरबहादुर थापा**लाई



राष्ट्र बैंकको कडा नियमन र सुपरिवेक्षणमा रहँदारहँदै पनि बैंक कसरी समस्याग्रस्त भए ?

हाम्रा बैंकहरूमा सुशासनको समस्या छ। राष्ट्र बैंकले सुशासनका लागि राम्रै प्रयास गरे पनि त्यो सफल भएको छैन। अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण भएको छैन। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले गरेअनुसार कर्जाको वर्गीकरणमा असल अभ्यास हुन सकेको छैन। आइएमएफले अन्तर्राष्ट्रिय असल अभ्यास भित्र्याउन बारम्बार सचेत गराइरहेको छ। तर, हामीले त्यसलाई लागू गर्न सकिरहेका छैनौं। मुख्य समस्या सूक्ष्म निगरानीको कर्जामा रहेको छ। खराब कर्जामा वर्गीकृत ऋणीले केही समयका लागि किस्ता तिर्न थाल्यो भने त्यसलाई सूक्ष्म निगरानीको कर्जा मान्ने जुन प्रावधान छ, त्यो नै गलत छ। यसले बैंक तथा वित्तीय संस्थाहरूमा नक्कली सुधार देखायो, वास्तविक सुधार हुन सकेन।

बैंकिङ क्षेत्रमा यस्तो समस्या आउनुमा राष्ट्र बैंक कहाँ चुक्यो ?

सूक्ष्म निगरानीको कर्जाको प्रावधानले चलखेल गर्ने ठाउँ दिएको छ, छलकपटको छिद्र छाडिदिएको छ। त्यसैले, राष्ट्र बैंकले यस प्रावधानलाई खारेज नै गर्नुपर्छ। राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा निरीक्षण तथा सुपरीवेक्षण गर्छ। तर, त्यस्तो निरीक्षण बैंक तथा वित्तीय संस्थामा होइन, ती संस्थाबाट ऋण लिने ऋणीको गर्नुपर्छ। उसले लिएको ऋणको सदुपयोग गरेको छ कि छैन, त्यो हेर्नुपर्छ। उसको ऋण तिर्ने क्षमता छ कि छैन, त्यसको निरीक्षण गर्नुपर्छ। यसमा पनि राष्ट्र बैंक चुकिरहेको छ।

भविष्यमा थप बैंकलाई समस्याग्रस्त हुन नदिन के गर्नुपर्ला ?

अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गर्नुपर्छ। कर्जा वर्गीकरणबाट सूक्ष्म निरीक्षण कर्जाको प्रावधानलाई हटाउनुपर्छ। बैंकको होइन, ऋणीको अवस्था र क्षमताबारे स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गर्नुपर्छ। वित्तीय सुशासन लागू गर्नुपर्छ।

प्रेरक प्रसंग

सन्त र शिष्यको सवाल-जवाफ

एक सन्त आफ्ना शिष्यलाई ज्ञान र भक्तिको प्रवचन दिइरहेका थिए। अचानक एक शिष्यले प्रश्न गरे- गुरुदेव, ईश्वर सर्वत्र छन् भनेर हामीलाई सिकाइएको छ। तर, सर्वत्र छन् भने हामीले ईश्वरलाई किन देख्न सक्दैनौं ? यस्तोमा ईश्वर सर्वत्र छन् भनेर हामीले कसरी मान्ने ? अनि, हामी उनलाई कसरी प्राप्त गर्न सक्छौं ?



शिष्यको प्रश्न सुनेपछि सन्त मुस्कुराए र अर्को एक शिष्यलाई एक लोटा पानी र थोरै नुन ल्याउन आदेश दिए। शिष्यले तुरुन्तै आदेशको पालना गरे। सन्तले पुनः तिनै शिष्यलाई नुनलाई लोटामा हालेर घोल्न आदेश दिए। शिष्यले तत्काल आदेशको पालना गरे। सन्तले सबैलाई पानी देखाउँदै प्रश्न गरे- तपाईंहरूले यसमा नुन देख्नुभयो त ? सबैले 'अहँ देखेनौं' भन्ने भावमा टाउको हल्लाए। सन्तले भने- ठिक छ, अब यो पानी चाखेर यसमा नुन छ कि छैन भनेर जाँच्नुहोस् त। एक शिष्यले पानी चाखेर त्यसमा नुन भएको बताए।

सन्तले तिनै शिष्यलाई आदेश दिँदै भने- अब यसलाई केही समयसम्म उमाल। शिष्यले केही समय पानी उमालेपछि सबै पानी बाफ बनेर उड्यो। सन्तले लोटा देखाउँदै प्रश्न गरे- के अब यसमा नुन देखिन्छ ? सबैले 'हो, देखिन्छ' भन्ने भावमा टाउको हल्लाए। सन्तले मुस्कुराउँदै भने- जसरी तिमीहरूले पानीमा नुन नदेखे पनि त्यसको स्वादको अनुभव गऱ्यौ, ठिक त्यसैगरी ईश्वर सर्वत्र भए पनि तिमीहरूले देख्न सक्दैनौ, केवल अनुभव गर्न सक्छौ। तर, जसरी अग्निको रापका कारण पानी बाफ बनेर उड्यो, अनि नुन देखियो, ठिक त्यसैगरी तिमीहरूले पनि भक्ति, ध्यान र सत्कर्मद्वारा आफ्ना विकारलाई अन्त्य गरेपछि ईश्वरलाई प्राप्त गर्न सक्छौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

साम्पाङको रित्तो गाग्रीको संकेत

धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले रित्तो गाग्री लिएर सिंहदरबार पसेको घटनाले नेपालको राजनीतिक प्रणाली र संघीयताको विफलतालाई गहिरोसँग उजागर गरेको छ। जलस्रोतले भरिपूर्ण देशमा पानीजस्तो आधारभूत आवश्यकता पूरा गर्न मेयर स्वयं आन्दोलनमा उत्रिनुले जनताका समस्यामा राज्यको उदासीनता प्रस्ट हुन्छ। खानेपानीमन्त्रीले यस वर्षभित्रै धरानको खानेपानी समस्या समाधान गर्ने आश्वासन दिए पनि नेताहरूको बोली र व्यवहारमा एकरूपता नदेखिएको विगतले जनतामा विश्वास जगाउन सकिरहेको छैन। खानेपानीको समस्या केवल एउटा स्थानीय तहको समस्या होइन। धेरैतिर यस्तै समस्या छ। साम्पाङको रित्तो गाग्री राज्य प्रणालीको असफलताको प्रतीक हो। नेताहरूको आश्वासन कागजमै सीमित भइरहँदा जनताले आफ्नो मौलिक हकका लागि सडक र आन्दोलन रोज्नुपरेको प्रमाण हो यो रित्तो गाग्री।

● **सन्तोष सिम्खडा**, टोकियो, जापान
santoshsimkhada679@gmail.com

हाकिमले जे गरे पनि हुने हो ?

'प्रहरीमा 'मत्स्यन्याय', सानालाई कारबाही, हाकिमलाई उन्मुक्ति' शीर्षकको समाचार पढियो। हुन त यो समस्या प्रहरीमा मात्र होइन, सर्वत्र विद्यमान छ। प्रहरीजस्तो अनुशासित संगठनमा माथिकाले जे गरे पनि चुपचाप बस्नुपर्ने र तलकाले तिनको खटनपटन र आदेश पालना गर्नैपर्ने बाध्यता हुने भएकाले यसमा सानाले जहिल्यै कारबाहीको भागीदार बन्नुपरिरहेको देखिन्छ। सबैलाई समान व्यवहार गरियोस्। कानुनतः विभेद नगरियोस्।

● **विजता राई**
सतुंगल, काठमाडौं

राष्ट्र बैंकले के हेरिरहेको थियो ?

कर्णाली विकास बैंकबाट एक अर्ब ३३ करोड हिनामिना भएको र सिआइबीले अनुसन्धान सुरु गरेको समाचार पढेपछि राष्ट्र बैंकलाई केही प्रश्न सोध्न मन लाग्यो। बैंकको नियमनकर्ता निकाय कुन हो ? राष्ट्र बैंक नै त्यस्तो नियमनकर्ता निकाय हो भने यसका पदाधिकारी एउटा बैंकले यति ठुलो रकम हिनामिना गर्दा पनि किन मौन बसिरह्यो ? यसबारे राष्ट्र बैंक नेतृत्वलाई केही थाहा थिएन ?

● **सुमना मानन्धर**
कुपन्डोल, ललितपुर

चिकित्सक बाहिरिनु चिन्ताजनक

एक वर्षमा २७ सय चिकित्सक उत्पादन भएकामा तीमध्ये २३ सयले देश छाडे भन्ने समाचारले मन सारै पोल्यो र सरकारका आँखा खुल्लान् कि भनेर केही लेख्न मन लाग्यो। एक वर्षमा २३ सय चिकित्सक बाहिर जाँदा देशलाई कति घाटा भयो होला ? एकपटक सोचौं त। एउटा चिकित्सक उत्पादन गर्न वर्षौं लाग्छ। यसरी वर्षौं लगाएर पढेको चिकित्सक अवसरको खोजीमा विदेश पलायन हुन बाध्य हुन्छ भने देश चलाउँछौं भनेर भाषण गर्ने नेताहरूको विश्वास कसरी गर्ने ? अहिले नेपालमा दक्ष चिकित्सक नहुँदा कतिपय गम्भीर रोगको उपचारका लागि भारत जान बाध्य छन् नेपाली जनता। देशमा स्वास्थ्य मन्त्रालय छ, स्वास्थ्यमन्त्री छन् र कर्मचारी पनि छन्। तर, तिनको काम भनेको बसेर तलबभत्ता खानेबाहेक केही छैन। कमिसनको खेलले सरकारी अस्पतालको हालत जीर्ण बन्दै गएको छ। निजी अस्पताललले भनेजति सेवा-सुविधा दिँदैनन्। डाक्टरलाई कामअनुसारको दाम छैन अनि विकल्पमा विदेश नगएर के गर्ने ? यहाँको आम्दानीले परिवार पाल्न गाह्रो भएपछि विदेश जानुको विकल्प के नै हुन्छ र ? सरकारी अस्पतालमा राजनीतिक नियुक्ति पाएका कर्मचारीको मनोमानी चल्छ, अनुगमन, नियमन गर्न निकाय मौन छ।

वर्षौंको लगानीपछि बल्लतल्ल तयार भएको जनशक्ति यसरी देशमा सम्भावना नदेखेर लगातार बिदेसिँदा पनि सरकार कानमा तेल हालेर बस्नु विडम्बना हो।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लोकतन्त्रलाई सान्दर्भिक बनाउने कसरी ?

सामूहिक निर्णय ज्ञान, अनुभव वा पूर्वाग्रहबाट कम प्रभावित हुने सम्भावना भएकाले यो थप प्रभावकारी हुन सक्छ



देश / विदेश

● म्याथ्यु ड्यानकोम्ब

करिब ३७५ इसापूर्वमा लेखिएको प्लेटोको 'द रिपब्लिक' प्राचीन ग्रिक दर्शनको एक महत्त्वपूर्ण कृति हो र यसले पश्चिमा राजनीतिक चिन्तनलाई गहिरो ढंगले प्रभाव पारेको छ। ग्रिसलाई प्रायः 'लोकतन्त्रको उद्गमस्थल' भनेर चिनिन्छ, जहाँ विश्वकै पहिलो लोकतान्त्रिक प्रणाली एथेन्समा विकसित भएको थियो। डेमोक्रेसी अर्थात् 'लोकतन्त्र' शब्द नै ग्रिक भाषाबाट विकास भएको हो। यद्यपि प्लेटोको द रिपब्लिकमा लोकतन्त्रको तीव्र आलोचना गरिएको छ र यसलाई आधुनिक पश्चिमा समाजको लोकतन्त्रले उच्च महत्त्व दिएको सन्दर्भमा अनौठो लाग्न सक्छ। प्रायः सबै पश्चिमा राष्ट्र लोकतान्त्रिक प्रणालीमा सञ्चालन भइरहेका छन् र राजनीतिक बहस यही शासन प्रणालीको रक्षामा केन्द्रित हुन्छन्। उदाहरणका लागि हालसालैको अमेरिकी निर्वाचनमा ट्रम्प र ह्यारिसका समर्थक दुवैले आफूहरूले लोकतन्त्रको रक्षा गर्ने दाबी गरेका थिए। त्यसैगरी बेलायतमा वर्तमान लेबर सरकारले १६ वर्ष उमेरका व्यक्तिलाई मताधिकार दिने प्रस्ताव अघि सारेको छ। प्रश्न उठ्छ, प्लेटोले लोकतन्त्रको विरोध किन गरे ? र, के उनका तर्कले पश्चिमा विश्वमा लोकतन्त्रप्रतिको विश्वास घट्दो क्रममा रहेको कारणलाई बुझ्न मद्दत पुऱ्याउन सक्छ ?

प्लेटोको द रिपब्लिकमा लोकतन्त्रप्रतिको आलोचना उनका गुरु सुकरातमार्फत व्यक्त गरिएको छ, जसले ईसापूर्व पाँचौं र चौथो शताब्दीको एथेन्सको लोकतन्त्रलाई चुनौती दिएका थिए। आधुनिक प्रतिनिधि लोकतन्त्रभन्दा फरक एथेन्सको लोकतन्त्रमा मात्र पुरुष नागरिकले मतदान गर्न र गोलाप्रथामार्फत छानिने सरकारी भूमिकामा सेवा गर्न पाउँथे। जनसंख्याको ठुलो हिस्सा रहेका महिला, दास र विदेशी पूर्णतः बहिष्कृत थिए। यो प्रणाली कहिलेकाहीं क्रूर पनि हुन्थ्यो, जहाँ नागरिकले व्यक्तिलाई निर्वासन गर्न र मृत्युदण्ड दिन मतदान गर्थे। सुकरातकै मृत्युदण्ड पनि यही प्रक्रियाबाट थियो।

प्लेटोको द रिपब्लिकमा सुकरातको लोकतन्त्रप्रतिको आलोचना शासन एक दक्षता र प्रशिक्षण आवश्यक पर्ने सीप हो, जुन सबैमा हुँदैन भन्ने धारणामा केन्द्रित छ। उदाहरणका लागि उडानका लागि पाइलट चयनलाई लिन सकिन्छ, यदि यात्रुले आफूमध्ये एकलाई पाइलटका रूपमा चुनिने गरी मतदान गरे भने योग्य र अनुभवी पाइलट उपेक्षित हुन सक्छन्। यो विशेषतः यदि अरूले उडानको कुनै विशेषज्ञता आवश्यक पर्दैन भनेर झुटो दाबी गरे, पाइलटबारे गलत प्रचार गरे वा घुस र धोखाधडीले चुनाव जितेको खण्डमा देखिन्छ। पहिलो दृष्टिमा उल्लिखित दृष्टान्तबाट प्रेरित यो तुलना लोकतन्त्रले शासनमा कुशल नेता सुनिश्चित गर्दैन भन्ने संकेत गर्छ। तर, अन्य प्रणालीले पनि यसको प्रत्याभूति गर्दैन। कुनै राज्य भाग्यशाली भएर शासन कौशलका केही प्रतिभा भएका शासक पाउन सक्छ, तर त्यो राज्यले एक क्रूर र अयोग्य तानाशाह पाउने सम्भावना पनि त्यत्तिकै हुन्छ।

तसर्थ, सुकरातलाई लोकतन्त्रप्रति अझ सुदृढ एवं लक्षित तर्कको आवश्यकता पर्छ। द रिपब्लिकका दोस्रोदेखि चौथो खण्डसम्म यसबारे एक विशेष तर्क प्रस्तुत गरिएको छ। यसमा सुकरातले शासन एक सीपयुक्त काम हो, जुन अधिकांश मानिससँग हुँदैन भनेका छन्। अर्थात्, शासन सीपमा दक्ष व्यक्तिले मात्र शासन गर्नुपर्छ। तर, लोकतन्त्रमा बहुमतले शासन गर्छ त्यसैले



तस्बिर : सटरस्टक/क्यान्भा

लोकतन्त्र ठिक होइन। र, यो तर्क सबै लोकतन्त्रविरुद्ध सामान्य रूपमा लागू हुन्छ, न कि केवल एथेन्सको वा आधुनिक लोकतन्त्रविरुद्ध मात्र लागू हुन्छ। उल्लिखित दृष्टान्तमा भनेझैं विमान उडाउन हामी बहुमत नभई दक्ष पाइलट चाहन्छौं, त्यसैगरी राज्य चलाउन पनि हामीलाई बहुमत नभई दक्ष शासक चाहिन्छ।

यो तर्कसँग तीन स्पष्ट समस्या छन्। पहिलो के शासन वास्तविकतामा विमान उडाउनजस्तै सीप हो ? यो सीपको अर्थ के हो ? प्लेटोको उत्तरअनुसार कुशल शासनले 'सत्य र असल के हो' भन्ने ज्ञानलाई समेट्छ, तर यो धेरै विश्वासयोग्य लाग्दैन।

दोस्रो यदि शासन एक सीप हो भने पनि अधिकांश मानिससँग यो सीप हुँदैन भन्ने निष्कर्ष निकाल्न सकिँदैन। जीवनका विभिन्न क्षेत्रमा, राजनीतिबाहेकका क्षेत्रमा निर्णय लिने कुशल शासक पाइन्छन्। वास्तवमा सामूहिक निर्णय थप कुशल हुन सक्छन्, किनभने त्यो सानो समूहको ज्ञान, अनुभव वा पूर्वाग्रहबाट कम प्रभावित हुने सम्भावना हुन्छ।

तेस्रो, यदि शासन एक दक्षता आवश्यक काम हो र अधिकांश मानिससँग यो सीप छैन भने पनि राजनीतिक निर्णयमा ती सीप नभएका व्यक्तिलाई समावेश गर्नुपर्ने केही कारण छन्। सम्भवतः हामी यिनलाई समावेश गरेर शासन सीपमा प्रशिक्षण दिन सक्छौं। वास्तवमा निर्णय प्रक्रियामा सबै वा अधिकांश व्यक्तिलाई समावेश गर्नु सरल रूपमा न्यायपूर्ण हुन्छ र न्याय 'सबैभन्दा राम्रो' निर्णय प्राप्त गर्नुभन्दा महत्त्वपूर्ण हुन सक्छ।

उसो त सुकरातले भनेझैं लोकतन्त्रले कहिलेकाहीं अयोग्य शासक उत्पादन गर्छन्, जसले खराब सम्भवतः दुष्ट निर्णय लिन्छन्, तथापि यसले हामीले लोकतन्त्रलाई अस्वीकृत गर्नुपर्छ भन्ने अर्थ लाग्दैन। यदि हामी सुकरातको केवल राज्यमा दक्ष व्यक्तिले मात्र शासन गर्नुपर्छ र अधिकांश मानिससँग यो दक्षता छैन भन्ने विचार स्वीकार गर्छौं भने पनि हामी लोकतन्त्रलाई सबैको राजनीतिक सीपलाई विकास गरेर बचाउन सक्छौं। यसले सबैका प्रतिभा र अनुभवको राम्रो उपयोग गर्न मद्दत पुऱ्याउँछ, किनभने मानिसले आफूलाई प्रभावित गर्ने निर्णयमा आवाज राख्न पाउनु उचित हुन्छ।

(ड्यानकोम्ब नटिंघम विश्वविद्यालयको दर्शनशास्त्रका सह-प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्व स्वास्थ्य संगठन र पेरिस जलवायु सम्झौताबाट बाहिरिने ट्रम्पको निर्णय

वासिंटन डिसी/ अमेरिकाको ४७औँ राष्ट्रपतिका रूपमा शपथ लिएपछि डोनाल्ड ट्रम्पले दर्जनौँ कार्यकारी आदेशमा हस्ताक्षर गरे। त्यसमध्ये अमेरिकालाई विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) र पेरिस सम्झौताबाट बाहिर निकाल्ने आदेशमा पनि उनले हस्ताक्षर गरेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार संयुक्त राज्य अमेरिकालाई डब्लुएचओबाट बाहिर निकाल्नेसम्बन्धी कार्यकारी निर्देशनमा हस्ताक्षर गरेका छन्। ट्रम्पले कोभिड-१९ महामारी व्यवस्थापनको विषयमा डब्लुएचओको पटक-पटक आलोचना गर्दै आएका थिए। आफ्नो शपथग्रहणको केही घण्टापछि ह्वाइट हाउसमा बोल्दै उनले आफ्नो देशले डब्लुएचओलाई चीनको तुलनामा धेरै बढी भुक्तान गरिरहेको उल्लेख गर्दै भने, 'विश्व स्वास्थ्य संगठनले हामीलाई ठगेको छ।'

यस कदमसँगै संस्थाले सबैभन्दा ठुलो दाता अमेरिका गुमाउनेछ। आफ्नो पहिलो कार्यकालमा पनि ट्रम्पले संगठन चीनबाट अत्यधिक प्रभावित भएको आरोप लगाउँदै संगठनबाट अमेरिकालाई अलग गरेका थिए। पछि जो बाइडेन राष्ट्रपति बनेपछि अमेरिका पुनः डब्लुएचओको सदस्य बनेको थियो।



ट्रम्पले 'अनुचित एकपक्षीय पेरिस जलवायु सम्झौता' परित्याग गर्ने आदेशमा पनि हस्ताक्षर गरे। विश्लेषकहरूले विश्वको दोस्रो ठुलो हरितगृह ग्यास उत्सर्जक मुलुक अमेरिका सम्झौताबाट बाहिरिनु जलवायु परिवर्तनविरुद्धको लडाइका लागि ठुलो धक्का भएको बताएका छन्। सन् २०१६ मा भएको पेरिस संयुक्त राष्ट्र जलवायु शिखर सम्मेलनमा, विश्वभरका देशहरूले जलवायु परिवर्तनको खतरा कम गर्न जीवाश्म इन्धन कटौती गर्ने वाचा गरेका थिए।

ट्रम्प आफ्नो पहिलो कार्यकालमा पनि ऐतिहासिक जलवायु सम्झौताबाट बाहिरिएका थिए। तर, जो बाइडेन सत्तामा आएपछि ट्रम्पका दुवै निर्णय उल्टाएका थिए।

लकर स्थानान्तरण हुने सम्बन्धी सूचना

मिति २०८१ माघ २० गते तदनुसार 02 February 2025 देखि यस बैंकको निम्न स्थानमा अवस्थित शाखा स्थानान्तरण भई नयां स्थानबाट संचालन हुने भएको हुंदा तहां रहेको लकर समेत हालको शाखाबाट करिब ९० मीटर पश्चिममा स्थानान्तरण भई सोही मिति देखि तपसिलमा उल्लेखित स्थानबाट संचालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शाखा रहेको स्थान	शाखा स्थानान्तरण हुने स्थान	हालको शाखाबाट दुरी
एनआईएमबि खुसिबु शाखा, काठमाडौं महानगरपालिका वडा नं. १७, खुसिबु बागमती प्रदेश फोन नं. ५९०४६१७/५९०३२३८	एनआईएमबि खुसिबु शाखा, काठमाडौं महानगरपालिका वडा नं. १७, खुसिबु बागमती प्रदेश फोन नं.५९०४६१७/५९०३२३८	हालको शाखाबाट करिब ९० मीटर पश्चिम

माथि उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहक महानुभावहरुले टुटफुट हुने सामानहरु राख्नु भएको भए मिति २०८१ माघ १८ गते भित्र लकर रहेको शाखामा बिहान १० बजे देखि दिउंसो २ बजे भित्र सम्पर्क राखि सामानहरु सुरक्षित गर्नहुनु अनुरोध गर्दछौं। अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति भएमा बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं। यसबाट ग्राहक माहानुभावहरुमा पर्न जाने असुविधा प्रति बैंक क्षमाप्रार्थी छ।

थप जानकारीको लागि बैंकको सम्बन्धित शाखामा सम्पर्क राख्नहुन अनुरोध गर्दछौं।

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

पोखरा फाइनान्स लिमिटेडको धितो सुरक्षणमा रहेको चल अचल सम्पत्तिको लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८१/१०/०५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

पोखरा फाइनान्स लिमिटेडको विभिन्न शाखा कार्यालयबाट तपशिलमा उल्लेखित कर्जा शीर्षक अन्तर्गत कर्जा उपयोग गर्नुहुने तपसिलमा उल्लेखित कर्जावालाहरुले उक्त कर्जाको तिर्नु बुझाउन पर्ने साँवा, ब्याज र अन्य दे-दस्तुर समेतको रकम कर्जा भुक्तानी तालिका बमोजिम चुक्ता भुक्तानी नगरी कर्जा लिने समयमा यस वित्तीय संस्थासंग भएको सम्झौता शर्तनामा र बन्देजहरुको उल्लघंन गर्नुभएको तथा यस वित्तीय संस्थाको तर्फबाट भाखा नाघेको कर्जा नियमित तथा चुक्ता भुक्तानी गर्न गराउन बारम्बार मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दे-दस्तुर रकम समेत समयमा नतिर्नु नबुझाउनु भएकोले यस सूचना प्रकाशित भएको मितिले **१५ दिन भित्र** सम्पूर्ण भाखा नाघेको बक्यौता कर्जा रकम यस वित्तीय संस्थामा दाखिल गरी कर्जा नियमित तथा चुक्ता भुक्तानी गर्नु गराउनुहुन सम्बन्धित ऋणी, व्यक्तिगत धनजमानीकर्ता र धितो सुरक्षण दिने व्यक्तिलाई यसै सूचनाद्धारा सूचित गरिन्छ। अन्यथा कर्जा असुली गर्ने प्रयोजनको लागि तपाई ऋणीले यस वित्तीय संस्थाको नाममा लेखि लेखाइदिनुभएको तपसिलमा उल्लेखित धितो सुरक्षण (चल तथा अचल सम्पत्ति) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, यस वित्तीय संस्थाको कर्जा असूली तथा अपलेखन विनियमावली र अन्य प्रचलित कानुन बमोजिम **कर्जा सूचना केन्द्रको कालो सूचीमा ऋणी र व्यक्तिगत धनजमानीकर्ता**को नाम समावेश गरी धितो सुरक्षण लिलाम बिक्री गर्ने तथा धितो सुरक्षण अप्रर्याप्त हुन गई कर्जा असुली हुन नसकेमा ब्यक्तिगत धनजमानी दिने तपसिलका ब्यक्तिहरुको स्वामित्वमा रहेको तथा निजहरुको हक लाग्ने चल अचल सम्पत्तिबाट समेत कर्जा असुल उपर गर्न कारवाही प्रक्रिया अगाडी बढाईने ब्यहोरा जानकारी गराईन्छ।

तपसिल

कर्जावालाको नाम र ठेगाना

१) ऋणीको नाम: रिच विन्स क्याफे प्रा. लि.
कर्जा शिर्षक: टुरिजम आवधिक र टुरिजम अधिविकर्ष कर्जा
फर्म रहेको ठेगाना: बुटवल उप.म.न.पा. वडा न.-९, कालिका हल पथ, रुपन्देही
स्थायी लेखा नं: ६०९७३७६३३
दर्ता प्रमाण पत्र नं.: २३६०१४/०७६/०७७

संचालक तथा धनजमानीको नाम र ठेगाना:
नाम: यमु थापा (ना.प्र.नं.५२१०२७/११३५, दाङ)
स्थायी ठेगाना: डुरुवा गा.वि.स वडा न.–६, दाङ
हालको ठेगाना: बुटवल उ.म.न.पा वडा न.-०२, मैनाबगर, रुपन्देही
बाबुको नाम: राम बहादुर थापा
बाजेको नाम: मिन बहादुर थापा

धनजमानीकर्ताको नाम र ठेगाना:
क) नाम: भुमिका थापा (ना.प्र.नं.३७-०२-७१-१६०१५, रुपन्देही)
स्थायी ठेगाना: बुटवल वडा नं- ४, रुपन्देही
हालको ठेगाना: बुटवल उ.म.न.पा वडा न.-०२, मैनाबगर, रुपन्देही
बाबुको नाम: लाल बहादुर
पतिको नाम: यमु थापा
ससुराको नाम: राम बहादुर थापा

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: रिच विन्स क्याफे प्रा. लि.

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि. न.	सिट नं	क्षेत्रफल (वि क धु)
१.	रुपन्देही	सेमलार	४	१५२४	४/ख	(०-०-८-०) १३५.४४ व.मि.
२	रुपन्देही	सेमलार	४	१६०२	४/ख	(०-०-७.२५-०) १२२.७४ व.मि.
३.	रुपन्देही	सेमलार	४	१५१७	४/ख	(०-०-७.२५-०) १२२.७४ व.मि.
४.	रुपन्देही	सेमलार	१	११७३	१/ख	(०-०-९.२५-०) १५६.६२ व.मि.

कर्जावालाको नाम र ठेगाना

२) ऋणीको नाम: पर्वत फर्निचर उद्योग
कर्जा शिर्षक: औधोगिक कर्जा
फर्म रहेको ठेगाना: तिलोत्तमा न.पा.वडा नं-१४, रुपन्देही
स्थायी लेखा नं: ६०३२२७१५८
कम्पनी दर्ता नं.: ११५३९/०७२/७३

प्रोप्राईटर/धनजमानीकर्ताको नाम र ठेगाना:
नाम: नर बहादुर विश्वकर्मा (ना.प्र.नं.१९५९९, रुपन्देही)
स्थायी ठेगाना: तिलोत्तमा न.पा.वडा नं-११, रुपन्देही
हालको ठेगाना: शिवालय टोल, तिलोत्तमा न.पा.वडा नं-११, रुपन्देही
बाबुको नाम: छविलाल विश्वकर्मा
बाजेको नाम: गोरे विश्वकमा

धनजमानीकर्ताको नाम र ठेगाना:
क) नाम: सुशिला विश्वकर्मा (ना.प्र.नं.३७१००१/३०९९९, रुपन्देही)
स्थायी ठेगाना: मकहर गा.वि.स. वडा नं. ८, रुपन्देही
हालको ठेगाना: शिवालय टोल, तिलोत्तमा न.पा.-११, रुपन्देही
बाबुको नाम: चन्द्र बहादुर सुनार (चुदारो)
पतिको नाम: नर बहादुर विश्वकर्मा
ससुराको नाम: छविलाल विश्वकर्मा

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: नर बहादुर विश्वकर्मा (ना.प्र.नं.१९५९९, रुपन्देही)

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि. न.	सिट नं	क्षेत्रफल	कैफियत
१.	रुपन्देही	मकहर	८	६६०	८ ग	०-०-१४-० (२३७.५ व.मि.)	घर समेत
२	रुपन्देही	मकहर	८	५८१	८ ग	०-१-१६-० (६०९.५५ व.मि)	

कर्जावालाको नाम र ठेगाना

३) ऋणीको नाम: एलिसा हार्डवयर एण्ड सेनेटरी
कर्जा शिर्षक: व्यापार कर्जा
फर्म रहेको ठेगाना: खैरहनी न.पा.वडा.नं.–२, चितवन
स्थायी लेखा नं: ६०९२८४५७३
प्रा.फ.र.न: १०३१/०७५/०७६, स्थानीय व्यापार

प्रोप्राइटर तथा धनजमानीकर्ताको नाम र ठेगाना
नाम: शारदा थापा (ना.प्र.नं. ३५३६०, चितवन)
स्थायी ठेगाना: साविक चैनपुर गा.वि.स वडा नं.–७, चितवन
हालको ठेगाना: प्रभातटोल, खैरहनी न.पा. वडा नं.–२, चितवन
बाबुको नाम: प्रेम बहादुर गिरी
पतिको नाम: भोज बहादुर थापा
ससुराको नाम: टेक बहादुर थापा

धनजमानीकर्ताको नाम र ठेगाना:
क) नाम: भोज बहादुर थापा (ना.प्र.नं. ३५६८७, गोरखा)
स्थायी ठेगाना: साविक मान्दु गा.पं. वडा नं.–१, गोरखा
हालको ठेगाना: प्रभातटोल, खैरहनी न.पा. वडा नं.–२, चितवन
बाबुको नाम: टेक बहादुर थापा
बाजेको नाम: पुर्ण बहादुर थापा

ख) नाम: सोनी थापा (ना.प्र.नं. ३५-०१-७१-०८०७४, चितवन)
स्थायी ठेगाना: प्रभातटोल, खैरहनी न.पा.वडा नं.–२, चितवन
हालको ठेगाना: प्रभातटोल, खैरहनी न.पा. वडा नं.–२, चितवन
बाबुको नाम: भोज बहादुर थापा
बाजेको नाम: टेक बहादुर थापा

ग) नाम: सुवास थापा (ना.प्र.नं. ३५-०१-७३-०४११२, चितवन)
स्थायी ठेगाना: प्रभातटोल, खैरहनी न.पा. वडा नं.–२, चितवन
हालको ठेगाना: प्रभातटोल, खैरहनी न.पा. वडा नं.–२, चितवन
बाबुको नाम: भोज बहादुर थापा
बाजेको नाम: टेक बहादुर थापा

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर : शारदा थापा

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	सिट नं	कि. न.	क्षेत्रफल
१.	चितवन	चैनपुर	६	६क	११०३	(०-४-०-०) १,३५४.५६ व.मी

कर्जावालाको नाम र ठेगाना

४) ऋणीको नाम: तिल गंगा अटो मोबाईल्स
कर्जा शिर्षक: व्यवसाय कर्जा
फर्म रहेको ठेगाना: सुनवल न.पा-१२, नवलपरासी
स्थायी लेखा नं: ६१०६७८०६२
कम्पनी दर्ता नं.: १००९/१२५९६/०७५/०७६

प्रोप्राईटरको नाम र ठेगाना:
नाम: दीर्घ कुमारी पाण्डे (ना.प्र.नं.२४४४, स्याङ्जा)
स्थायी ठेगाना: पिडीखोला गा.वि.स-०६, स्याङ्जा
हालको ठेगाना: तिलोत्तमा न.पा-०२, सिता राईस मिल, रुपन्देही
पतिको नाम: झबिलाल पाण्डे
ससुराको नाम: मनिश्वर पाण्डे

धनजमानीकर्ताको नाम र ठेगाना:
क) नाम: झबिलाल पाण्डे (ना.प्र.नं.२८९९, स्याङ्जा)
स्थायी ठेगाना: पिडीखोला गा.वि.स-०५, स्याङ्जा
हालको ठेगाना: तिलोत्तमा न.पा-०२, सिता राईस मिल, रुपन्देही
बाबुको नाम: मनिश्वर पाण्डे
बाजेको नाम: जय नारायण पाण्डे

ख) नाम: देवलाल पाण्डे (ना.प्र.नं.६४८३, स्याङ्जा)
स्थायी ठेगाना: पिडीखोला गा.वि.स-०३, स्याङ्जा
हालको ठेगाना: तिलोत्तमा न.पा-०२, सिता राईस मिल, रुपन्देही
बाबुको नाम: झबिलाल पाण्डे
बाजेको नाम: मनिश्वर पाण्डे

ग) नाम: गीता पाण्डे (कोईराला) (ना.प्र.नं.४२२०४३/३४०, स्याङ्जा)
स्थायी ठेगाना: पिडीखोला गा.वि.स-०३, स्याङ्जा
हालको ठेगाना: तिलोत्तमा न.पा-०२, सिता राईस मिल, रुपन्देही
बाबुको नाम: केशबराज कोईराला
पतिको नाम: देवलाल पाण्डे
ससुराको नाम: झबिलाल पाण्डे

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: देवलाल पाण्डे (ना.प्र.नं.६४८३, स्याङ्जा)

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि. न.	सिट नं	क्षेत्रफल (बि–क–धु)
१.	रुपन्देही	छिपागढ (हाल रोहिणी गा.पा.-४)	७	८४७	७	०-१-१५.५-०
२.	नवलपरासी (ब.सु.प.)	उनवच (हाल रामग्राम न.पा.-४)	२	५७२	२ क	०-२-२-०.५
३.	नवलपरासी (ब.सु.प.)	उनवच (हाल रामग्राम न.पा.-४)	२	७७८	२ क	०-३-१-०
४.	नवलपरासी (ब.सु.प.)	उनवच (हाल रामग्राम न.पा.-४)	२	१०८	२ क	०-४-८-०

कर्जावालाको नाम र ठेगाना

५) ऋणीको नाम: गोखाली खाजा घर (प्रो.डल्ली नेपाली गैरे)
कर्जा शिर्षक: व्यापार कर्जा
फर्मको ठेगाना: चाङ्गथली, महालक्ष्मी न.पा. वडा नं-०७, ललितपुर
स्थायी लेखा नं.: ६१३८५९४२४
दर्ता नं.: २१

प्रोपाइटर/धनजमानीको नाम र ठेगाना
नाम: डल्ली नेपाली गैरे (ना.प्र.नं.१३७७५७, गोरखा)
स्थायी ठेगाना: साविकः च्याङ्गली गा.वि.स. वडा नं- ९, गोरखा
हालको ठेगाना: अवन्डा, पालुङटार न.पा. वडा नं- ७, गोरखा
बाबुको नाम: तुलबहादुर सार्की
पतिको नाम: नरबहादुर नेपाली गैर
ससुराको नाम: अमृत सार्की गैरे

धनजमानीकर्ताको नाम र ठेगाना
क) नाम: नर बहादुर नेपाली गैरे (ना.प्र.नं.१०१४८९, गोरखा)
स्थायी ठेगाना: साविकः च्याङ्ली गा.वि.स. वडा नं- ९, गोरखा
हालको ठेगाना: अवन्डा, पालुङटार न.पा. वडा नं- ७, गोरखा
बाबुको नाम: अमृत सार्की गैरे
बाजेको नाम: नन्दे

ख) नाम: दिपक नेपाली गैह्रे (ना.प्र.नं.४४१०२१-५४५, गोरखा)
स्थायी ठेगाना: पालुङटार न.पा. वडा नं- ७, गोरखा
हालको ठेगाना: अवन्डा, पालुङटार न.पा. वडा नं- ७, गोरखा
बाबुको नाम: नर बहादुर नेपाली गैह्रे
बाजेको नाम: अमृत सार्की गैरे

ग) नाम: दिपेश नेपाली (ना.प्र.नं.४४१०२१/११७१, गोरखा)
स्थायी ठेगाना: साविकःच्याङ्ली गा.वि.स. वडा नं- ९, गोरखा
हालको ठेगाना: अवान्डा, पालुङटार न.पा. वडा नं- ७, गोरखा
बाबुको नाम: नर बहादुर नेपाली गैरे
बाजेको नाम: अमृत सार्की गैरे

धितो राखिएको सम्पत्ति विवरण
धितो दिनेको नाम थर: नर बहादुर नेपाली गैरे

सि. न.	जिल्ला	गा.वि.स/न.पा	वडा नं.	सिट नं	कि.न.	क्षेत्रफल
१.	गोरखा	च्याङ्गली	९	९	२०१९	०-४-२-०
२.	गोरखा	च्याङ्गली	९	९	२०२२	०-४-२-०
३.	गोरखा	च्याङ्गली	९	९	२०२४	०-८-०-०

कर्जावालाको नाम र ठेगाना

६) ऋणीको नाम: विष्णु ढेगा (ना.प्र.नं.४११०१६/१०१३३९, गुल्मी)
कर्जा शिर्षक: मोर्टगेज कर्जा
स्थायी ठेगाना: विरवास गा.वि.स. वडा न.०६, गुल्मी
हालको ठेगाना: सुनवल न.पा वडा न.-०७, नवलपरासी (ब.सु.प)
पतिको नाम: गिर बहादुर ढेगा
ससुराको नाम: भुमिश्वर ढेगा

धनजमानीकर्ताको नाम र ठेगाना
क) नाम: सिता राकस (ना.प्र.नं.४१३०१६-३३, गुल्मी)
स्थायी ठेगाना: छत्रकोट गा.पा. वडा नं.०२, गुल्मी
हालको ठेगाना: सुनवल न.पा वडा न.-०७, नवलपरासी (ब.सु.प)
बाबुको नाम: हुमान सिं राकस
पतिको नाम: शिव बहादुर गाहा

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: विष्णु ढेगा

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि.न.	सिट नं	क्षेत्रफल (बि–क–धु)	कैफियत
१.	नवलपरासी	सुनवल	७	३६३	७/ङ	०-०-१०	घर समेत

कर्जावालाको नाम र ठेगाना

७) ऋणीको नाम: अमन कमानी सेन्टर
कर्जा शिर्षक: व्यवसाय कर्जा
फर्म रहेको ठेगाना: बुटवल उ.म.न.पा-०२, मैनाबगर, रुपन्देही
स्थायी लेखा नं: ६०६२७३८५१
कम्पनी दर्ता नं.: ३९८४७/०७४

प्रोप्राईटरको नाम र ठेगाना:
नाम: देवलाल पाण्डे (ना.प्र.नं.६४८३, स्याङ्जा)
स्थायी ठेगाना: पिडीखोला गा.वि.स-०३, स्याङ्जा
हालको ठेगाना: तिलोत्तमा न.पा-०२, सिता राईस मिल, रुपन्देही
बाबुको नाम: झबिलाल पाण्डे
बाजेको नाम: मनिश्वर पाण्डे

धनजमानीकर्ताको नाम र ठेगाना:
क) नाम: झबिलाल पाण्डे (ना.प्र.नं.२८९९, स्याङ्जा)
स्थायी ठेगाना: पिडीखोला गा.वि.स-०५, स्याङ्जा
हालको ठेगाना: तिलोत्तमा न.पा-०२, सिता राईस मिल, रुपन्देही
बाबुको नाम: मनिश्वर पाण्डे
बाजेको नाम: जय नारायण पाण्डे

ख) नाम: दीर्घ कुमारी पाण्डे (ना.प्र.नं.२४४४, स्याङ्जा)
स्थायी ठेगाना: पिडीखोला गा.वि.स-०६, स्याङ्जा
हालको ठेगाना: तिलोत्तमा न.पा-०२, सिता राईस मिल, रुपन्देही
पतिको नाम: झबिलाल पाण्डे
ससुराको नाम: मनिश्वर पाण्ड

ग) नाम: गीता पाण्डे (कोईराला) (ना.प्र.नं.४२२०४३/३४०, स्याङ्जा)
स्थायी ठेगाना: पिडीखोला गा.वि.स-०३, स्याङ्जा
हालको ठेगाना: तिलोत्तमा न.पा-०२, सिता राईस मिल, रुपन्देही
बाबुको नाम: केशबराज कोईराला
पतिको नाम: देवलाल पाण्डे
ससुराको नाम: झबिलाल पाण्डे

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: देवलाल पाण्डे (ना.प्र.नं.६४८३, स्याङ्जा)

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि. न.	सिट नं	क्षेत्रफल (बि–क–धु)
१.	रुपन्देही	छोटकी रामनगर (हाल ओमसतिया गा.पा.-६)	३	१०२७	३ क	०-५-१७-०
२.	नवलपरासी (ब.सु.प.)	उनवच (हाल रामग्राम न.पा.-४)	२	५७२	२ क	०-२-२-०.५
३.	नवलपरासी (ब.सु.प.)	उनवच (हाल रामग्राम न.पा.-४)	२	७७८	२ क	०-३-१-०
४.	नवलपरासी (ब.सु.प.)	उनवच (हाल रामग्राम न.पा.-४)	२	१०८	२ क	०-४-८-०

कर्जावालाको नाम र ठेगाना

८) ऋणीको नाम: कमलावती यादव (ना.प्र.नं. ३८३०/१९/३२१,कपिलवस्तु)
कर्जा शिर्षक: व्यक्तिगत आवास कर्जा
स्थायी ठेगाना: तितिरखी ५ कपिलवस्तु
हालको ठेगाना: मायादेवी गा.पा.८, बसडिलवा, रुपन्देही
बाबुको नाम: राम सुभग अहिर
पतिको नाम: घन श्याम यादव
ससुराको नाम: बाबुराम अहिर

धनजमानीकर्ताको नाम र ठेगाना:
क) नाम: घनश्याम यादव (अहिर) (ना.प्र.नं.११७७४-२-१९१३,कपिलवस्तु)
स्थायी ठेगाना: यसोधरा गा.पा. १, कपिलवस्तु
हालको ठेगाना: मायादेवी गा.पा.८, बसडिलवा, रुपन्देही
बाबुको नाम: बाबुराम अहिर
बाजेको नाम: झिन्कु अहिर

ख) नाम: नीरज यादव (ना.प्र.नं.३८-०१-७५-०११४३, कपिलवस्तु)
स्थायी ठेगाना: यसोधरा गा.पा. १, कपिलवस्तु
हालको ठेगाना: मायादेवी गा.पा.८, बसडिलवा, रुपन्देही
बाबुको नाम: घनश्याम यादव अहिर
बाजेको नाम: बाबुराम अहिर

ग) नाम: अकलेश कुमार यादव (ना.प्र.नं.३८-०१-७८-००७७६, कपिलवस्तु)
स्थायी ठेगाना: यसोधरा गा.पा. १, कपिलवस्तु
हालको ठेगाना: मायादेवी गा.पा.८, बसडिलवा, रुपन्देही
बाबुको नाम: घनश्याम यादव अहिर
बाजेको नाम: बाबुराम अहिर

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: कमलावती यादव

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि.न.	सिट नं.	क्षेत्रफल (वि-क-धु)	कैफियत
१.	रुपन्देही	हाटि बनगाई	४	२२३	४ख	०-०-१५	घर समेत

कर्जावालाको नाम र ठेगाना

९) ऋणीको नाम: कृष्ण प्रसाद पौडेल (ना.प्र.नं. ४०३०१५/३४, अर्घाखाँची)
कर्जा शिर्षक: मोर्टगेज कर्जा
स्थायी ठेगाना: मालारानी गा.पा.-९, अर्घाखाँची
हालको ठेगाना: बुटवल उ.म.न.पा.-२ मैनावगर, रुपन्देही
बाबुको नाम: जिवलाल पौडेल
बाजेको नाम: ठानेश्वर पौडेल

धनजमानीकर्ताको नाम र ठेगाना:
क) नाम: इश्वरा अर्याल पौडेल (ना.प्र.नं. ६४६२१ अर्घाखाँची)
स्थायी ठेगाना: मालारानी गा.पा.-९, अर्घाखाँची
हालको ठेगाना: बुटवल उ.म.न.पा.-२ मैनावगर , रुपन्देही
बाबुको नाम: बासुदेव उपाध्याय
पतिको नाम: कृष्ण प्रसाद पौडेल
ससुराको नाम: जिवलाल पौडेल

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: कृष्ण प्रसाद पौडेल

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि.न.	सिट नं.	क्षेत्रफल	कैफियत:
१.	रुपन्देही	सेमलार	८	५२४	८ ख	०-३-९-०	हाल बुटवल उ.म.न.पा. १४

कर्जावालाको नाम र ठेगाना

१०) ऋणीको नाम: के.जी. एन. गिट्टी बालुवा सप्लायर्स
कर्जा शिर्षक: व्यापार अधिविकर्ष कर्जा
फर्मको ठेगाना: मतकोलवा, मायादेवी गा.पा. ८, रुपन्देही
स्थायी लेखा (PAN) न: ६०२९९२६५७
कम्पनी दर्ता नं.: ३४७५५/०७१

प्रोपाइटर तथा धनजमानीको नाम र ठेगाना:
नाम: नजामुद्दीन तेली (ना.प्र.नं. १९०४३, रुपन्देही)
स्थायी ठेगाना: सिद्धार्थनगर न.पा. १, रुपन्देही
बाबुको नाम: जलालुद्दीन तेली
बाजेको नाम: मुन्शी तेली

धनजमानीकर्ताको नाम र ठेगाना
क) नाम: जलालुद्दीन तेली (ना.प्र.नं. ७६२८, रुपन्देही)
स्थायी ठेगाना: सिद्धार्थनगर न.पा. १, रुपन्देही
बाबुको नाम: मुन्शी तेली
बाजेको नाम: फौदार तेली

ख) नाम: सैरुन निशा (ना.प्र.नं. ३७१०२३/६६५४ रुपन्देही)
स्थायी ठेगाना: सिद्धार्थनगर न.पा. १, रुपन्देही
हालको ठेगाना: सिद्धार्थनगर न.पा. १, रुपन्देही
बाबुको नाम: नासीर अली तेली
पतिको नाम: नजामुद्दीन तेली
ससुराको नाम: जलालुद्दीन तेली

ग) नाम: करिमुन निसा मुसलमान (ना.प्र.नं. १२६२०, रुपन्देही)
स्थायी ठेगाना: सि.न.पा. १, रुपन्देही
हालको ठेगाना: सिद्धार्थनगर न.पा. १, रुपन्देही
बाबुको नाम: आसिक मुसलमान
पतिको नाम: जलालुद्दीन मु
ससुराको नाम: मुन्शी तेली

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: जलालुद्दीन तेली

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	सिट नं.	कि.न.	क्षेत्रफल (बि.क.धु.)
१.	रुपन्देही	सिद्धार्थनगर	१	१ग	१३	०-३-१५
२.	रुपन्देही	सिद्धार्थनगर	१	१ख	५१०	०-०-१५

धितो दिनेको नाम थर: सैरुन निशा

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	सिट नं.	कि.न.	क्षेत्रफल (बि.क.धु.)
१.	रुपन्देही	सिद्धार्थनगर	१	१ ख	५०९	०-०-९

कर्जावालाको नाम र ठेगाना

११) ऋणीको नाम: भक्त बहादुर वि.क. (ना.प्र.नं. १०४०६, स्याङ्जा)
कर्जा शिर्षक: व्यक्तिगत घर कर्जा
स्थायी ठेगाना: पुतली बजार न.पा वडा नं.३, स्याङ्जा
हालको ठेगाना: बन्दिपुर गा.पा. वडा नं.– ०१, तनहुं
बाबुको नाम: मोतीलाल
बाजेको नाम: चन्द्रलाल

धनजमानीकर्ताको नाम र ठेगाना
क) नाम: कमला वि.क. (ना.प्र.नं. ४२९०३४/९४४६९, स्याङ्जा)
स्थायी ठेगाना: पुतली बजार न.पा वडा नं.३, स्याङ्जा
स्थायी ठेगाना: बन्दिपुर गा.पा. वडा नं.– ०१, तनहुं
बाबुको नाम: धन बहादुर विश्वकर्मा
पतिको नाम: भक्त बहादुर वि.क.
ससुराको नाम: मोतीलाल

धितो राखिएको सम्पत्ति विवरण:
धितो दिनेको नाम थर: भक्त बहादुर वि.क.

सि. न.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं.	कि.न.	सिट नं.	क्षेत्रफल	कैफियत
१.	तनहुँ	बन्दिपुर	१	८१५	१क	०-३-०-२	घर समेत

लिलाम बिक्रीका सर्तहरु:

१. बोलपत्रको फाराम वित्तीय संस्थाको प्रधान कार्यालय न्यूरोड, पोखराबाट प्राप्त गर्न सकिने छ।
२. शिलवन्दी बोलपत्र मिति २०८१/१०/२३ दिनको ४:०० वजे भित्रमा वित्तीय संस्थाको प्रधान कार्यालय न्यूरोड, पोखरामा बुझाउन सकिने छ।
३. बोलपत्रका साथ आफुले सकार गरेको अंकको न्यूनतम १०% वरावरको रकम यस वित्तीय संस्थामा जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्नेछ।
४. गोप्य वोलपत्र मिति २०८१/१०/२७ गते दिनको ४:०० वजे सम्बन्धित प्रतिनिधिहरुको रोहवरमा यस वित्तीय संस्थाको प्रधान कार्यालय न्यूरोड पोखरामा खोलिनेछ।
५. गोप्य वोलपत्र स्वीकार भएको मुल्यमा सम्पत्ति सकार गर्नेवालाले ७ दिन भित्र धरौटी रकम वाहेकको बाँकी रकम जम्मा भएपछि लिलाम विक्री भएको सम्पति नामसारीको लागी कारवाही गरिनेछ। लिलाम सकार गरेको सम्पत्ति नामसारी गर्दा लाग्ने सम्पुर्ण खर्च लिलाम सकार गरिलिने व्यक्ति आफैले व्येहोर्नु पर्नेछ।
६. बोलपत्र फाराम वुझाउने अन्तिम दिन वा गोप्य शिलवन्दी वोलपत्र खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा लगत्तै वित्तीय संस्था र सरकारी कार्यालय खुल्ने दिन वोलपत्र वुझ्ने वा खोल्ने सम्बन्धी कार्य गरिनेछ।
७. लिलाम विक्री गर्दा असुल गर्नुपर्ने रकम असुलउपर नभएमा ऋणीको अन्य जायजेथा तथा धनजमानीकर्ता समेतबाट असुल उपर गरिनेछ।
८. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कुनै जानकारी चाहिएमा वा निरीक्षण गर्न चाहेमा वित्तीय संस्थाको प्रधान कार्यालय न्यूरोड पोखरामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
९. बोलकवोल स्वीकृत गर्ने नगर्ने सम्बन्धमा अन्तिम अधिकार यस वित्तीय संस्थामाने सुरक्षित रहनेछ।

पोखरा फाइनान्स लिमिटेड
POKHARA FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ज" वर्गको इजाजतप्राप्त संस्था
Since 2053 B.S.
प्रधान कार्यालय : न्यूरोड, पोखरा–९, कास्की,
फोनः ०६१–५४४१३५, ५४४१३६
Email: info@pokharafinance.com.np
URL: www.pokharafinance.com.np

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार ९ माघ ०८१

सोलार लिफ्ट सिँचाइ आयोजना असफल

जुम्लाका तीन स्थानीय तहमा कम्तीमा आठ करोड खर्चेर निर्माण गरिएका १६ वटा लिफ्ट सिँचाइ आयोजनामध्ये १२ वटा लथालिंग अवस्थामा



जुम्लामा **मानदत्त रावल**

जुम्लाको कुल क्षेत्रफल दुई लाख ५३ हजार एक सय हेक्टरमध्ये ३९ हजार चार सय ८६ हेक्टर जमिन खेतीयोग्य छ। खेतीयोग्य भूमिमा पनि सिञ्चित तीन हजार तीन सय ६४ हेक्टर र असिञ्चित (पाखो) २३ हजार ७१ हेक्टर रहेको कर्णाली प्रदेश भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयले जनाएको छ। तर, अहिले २६ हजार चार सय ३५ हेक्टरमा मात्रै खेती भएको छ। जिल्लामा खतीका लागि सिँचाइ सुविधा पुगेको भन्दा नहुने जमिन धेरै छ। सिँचाइ नहुने जमिनमा विशेष गरी कोदो, मकै, जौ, गहुँ, फापर, आलु, सिमी, चिनो र फलफूलतर्फ स्याउ, ओखर लगाइँदै आएको छ।

सिञ्चित नहुने जमिनमा सिँचाइ सुविधा पुऱ्याउन एक दशकअघिदेखि नजिकको नदी-खोलाको पानी सोलार प्रणालीबाट लिफ्ट गरी सिँचाइ गर्ने योजना ल्याइएको छ। संघीयतापछि पहिलो स्थानीय तहले गैरसरकारी संस्थासँगको साझेदारीमा सोलार प्रणालीमार्फत लिफ्ट सिँचाइ आयोजना निर्माण भए। विशेष गरी तिला, तातोपानी र हिमा गाउँपालिकामा यस्ता आयोजना निर्माण भएका हुन्। तर, अध्ययन नै नगरी निर्माण गरिएका सोलार प्रणालीमार्फत पानी तान्ने सिँचाइ आयोजना अहिले उपलब्धिविहीन भएका छन्। यस्ता आयोजनाका सोलार प्यानल र जिआई पाइप खोला, नदी-किनारामा लथालिंग भेटिन्छन्।

तिलामा चारवटा, हिमामा चारवटा र तातोपानीमा आठ गरी १६ वटा लिफ्ट सिँचाइका आयोजना निर्माण भएका छन्। प्रतिआयोजनामा कम्तीमा ५० लाख खर्च गरिएका यस्ता आयोजनामा कम्तीमा आठ करोड बजेट खर्च भएको छ। तर, अहिले चारवटा आयोजना मात्रै सञ्चालनमा रहेका छन्। १२ वटा लिफ्ट सिँचाइका आयोजना लथालिंग अवस्थामा छन्।

तातोपानी गाउँपालिकामा आठवटा लिफ्ट सिँचाइका आयोजना निर्माण भए पनि अहिले दुईवटा मात्रै सञ्चालनमा रहेको योजना अधिकृत ओमबहादुर चन्दले बताए। उनले भने, 'यहाँ निर्माण भएका लिफ्ट सिँचाइ आयोजना अधिल्लो पाँचवर्षे कार्यकालमा निर्माण भएका हुन्। सोलार प्रणालीबाट सञ्चालन गरिएका लिफ्ट सिँचाइ आयोजना खासै टिकाउ भएनन्। अहिले यो चालू आर्थिक वर्षमा १ र ६ नम्बर वडामा विद्युतीय प्रणालीबाट सञ्चालन हुने लिफ्ट सिँचाइ आयोजना निर्माण हुँदै छन्।'

हिमा गाउँपालिकामा चारवटा सोलार प्रणालीमार्फत निर्माण भए पनि अहिले सबै आयोजना सञ्चालनमा नरहेको सूचना अधिकारी रतन रावतले बताए। उनले भने, 'सोलार प्रणालीबाट सञ्चालन गरिएका लिफ्ट सिँचाइ आयोजना सक्सेस भएनन्।'

हिमा गाउँपालिका- ३, मोप्लागाउँमा दुई सय ८५ घरधुरीले सिँचाइ पुग्ने गरी ०७७ सालमा लिफ्ट सिँचाइ आयोजना निर्माण भएको हो। कर्णाली प्रदेश भूमि व्यवस्था तथा कृषि, सहकारी मन्त्रालयको सहयोगमा गाउँमा ५० लाख रुपैयाँमा आधुनिक प्रविधियुक्त लिफ्ट सिँचाइ आयोजना निर्माण भएको थियो।

सोलार प्यानलको आयु कम्तीमा २५ देखि ३० वर्षसम्म हुने र त्यतिवेलासम्म सिँचाइ गर्न सकिने अपेक्षा गरिएको थियो। तिला गाउँपालिका अध्यक्ष मोतीलाल रोकायाका अनुसार तिलामा चारवटा लिफ्ट सिँचाइ आयोजना हुन्। चारवटा आयोजनामध्ये विद्युतीय प्रणालीबाट जडान गरिएका दुईवटा आयोजना मात्रै सञ्चालनमा छन्।

उद्योगीले गरेको सिमेन्टको कृत्रिम मूल्यवृद्धिमा सरकारको मौन समर्थन

४ सय ५० रुपैयाँ प्रतिबोरा रहेको सिमेन्टको मूल्य तीन महिनामै आठ सय ५० सम्म पुग्यो

कृष्ण रिजाल/नयाँ पत्रिका

पछिल्ला तीन महिनायता सिमेन्टको बजार मूल्य झन्डै दोब्बर भए पनि सरकारले मौन समर्थन देखाएको छ। दसैँअघिसम्म चार सय ५० देखि पाँच सय ५० रुपैयाँ प्रतिबोरा रहेको सिमेन्टको बजार मूल्य अहिले प्रतिबोरा आठ सय ५० रुपैयाँसम्म पुगेको छ। सिमेन्टको अस्वाभाविक मूल्यवृद्धिको विरुद्धमा सडकदेखि संसदीय समितिमा समेत प्रश्न उठेको छ। तर, सरकारले भने यस विषयमा चासोसमेत दिएको छैन।

नेपालमा सामान्यतः दसैँ-तिहारपछि सार्वजनिक निर्माणले गति लिने गर्छ। यही समयमा बढी माग हुने मौका छोपेर उद्योगीहरूले कार्टेलिङ गरेर सिमेन्टको भाउ कृत्रिम रूपमा उच्चदरमा बढाएका हुन्। अहिले ब्याजदर घटेको तथा अन्य लागतसमेत नबढेको अवस्थामा सिमेन्टको भाउ कार्टेलिङ गरेर बढाइएको भन्दै निर्माण व्यवसायी, उपभोक्ता अधिकारकर्मी तथा आमसर्वसाधारणले विरोध गर्दै आएका छन्। तर, सरकारले भने सिमेन्टको मूल्यवृद्धिको विषयमा कुनै कारबाही अघि बढाएको छैन।

नेपाल निर्माण व्यवसायी महासंघले सिमेन्टको अस्वाभाविक मूल्यवृद्धि भएको भन्दै फिर्ता गराउन पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदै आएको छ। महासंघले निर्माण लागतसमेत बढेको भन्दै मूल्य नघटाए 'आयोजनाको लागत' बढ्ने र त्यसको पूर्ति सरकारले गर्नुपर्ने तथा मूल्यवृद्धि फिर्ता नलिए निर्माण रोक्ने चेतावनी दिएका छन्। उपभोक्ता अधिकारकर्मीले पनि प्रधानमन्त्रीलाई नै पत्र पठाएर सिमेन्टको मूल्यवृद्धि रोक्न ध्यानाकर्षण गराए। तर, सरकारले मूल्यवृद्धि रोक्न ठोस कदम चालेको छैन।

सरकारले सिमेन्टको मूल्यवृद्धि रोक्न चासो नदिएपछि सांसदहरूले प्रश्न गरेका छन्। उनीहरूले सरकारी मिलेमतोमै सिमेन्टको मूल्यवृद्धि भएको आशंकासमेत गरेका छन्। यस विषयमा सार्वजनिक लेखा समितिले उद्योगमन्त्री र उद्योग सचिवलाई बोलाएर छलफल गर्ने निर्णय गरेको छ। त्यस्तै, उद्योग तथा श्रम र श्रम तथा उपभोक्ता हित समितिले सरकार, उद्योगी र निर्माण व्यवसायीसँग छलफल गर्ने भएको छ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेलले सिमेन्टको मूल्यवृद्धिको गुनासो आए पनि उद्योगीलाई कारबाही गर्ने क्षेत्राधिकार विभागसँग नरहेको जिकिर गरे। 'सिमेन्टको भाउ बढेको गुनासो आएको थियो, हामीले उद्योगीसँग मूल्य बढ्नुको कारण माग्यौं, उहाँहरूले लोडसेडिङलगायत कारण देखाउनुभयो,' उनले भने, 'हाम्रो कानुनले अधिकतम खुद्रा मूल्य (एमआरपी) तोक्ने अधिकार उद्योगलाई नै दिएको छ, त्यसैले हामीले यसमा कुनै प्रक्रिया अघि बढाएनौं।' प्रतिस्पर्धी बजार सिर्जना गराउने प्रयास भने गरेको उनले दाबी गरे। यस विषयमा मन्त्रालयले भने निर्माण व्यवसायी र उद्योगलाई सँगै राखेर छलफल चलाएको उनले बताए।

निर्माण व्यवसायी महासंघले सार्वजनिक विज्ञप्ति नै जारी गर्दै सिमेन्टमा कृत्रिम मूल्यवृद्धि भएको भन्दै नियन्त्रण गर्न आग्रह गरेको थियो। 'निर्माणकार्य हुने मुख्य सिजनमा सीमित सिमेन्ट उद्योगीहरूले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत कटौती गरेकाले भुक्तानी अभावलगायतका कारण अत्यन्त सकसमा रहेको निर्माण उद्योग थप मारमा परेको छ,' महासंघको विज्ञप्तिमा उल्लेख छ, 'खुला अर्थतन्त्रको नीतिविपरीत सिमेन्टमा गरिएको अव्यावहारिक मूल्यवृद्धि दण्डनीय अपराध हो, 'व्यवसायीहरूको अर्बौं भुक्तानी नहुँदा निर्माण उद्योग नै धराशायी भएको स्थितिमा निर्माण सामग्रीको मूल्यवृद्धि खारेज गर्न माग गर्दछ।'





जनताको ढाड सेक्ने गरी कार्टेलिङ गरेर, उत्पादनमा पनि कोटा तोकेर, सिमेन्टको शतप्रतिशत मूल्य बढाइएको छ। प्रतिबोरा चार सय/साढे चार सयमा पाइने सिमेन्ट आठ सयभन्दा बढी पर्छ। सरकारको समेत मिलेमतो भयो, सरकारले आँखा देखेन भनेर चुप लागेर बस्न हुँदैन, समितिले छलफल गर्नुपर्छ।

● **कृष्णकुमार श्रेष्ठ**, सांसद, एकीकृत समाजवादी

सरकारको मिलेमतोमा सिमेन्टको भाउ बढाइयो : सांसद



प्रतिनिधिसभाको लेखा समिति र उद्योग तथा श्रम र श्रम तथा उपभोक्ता हित समितिको मंगलबार बसेको छुट्टाछुट्टै बैठकमा सांसदहरूले सिमेन्टको मूल्यवृद्धिमा सरकारी मिलेमतो देखिएको बताएका छन्। उद्योग तथा श्रम र श्रम तथा उपभोक्ता हित समितिका सदस्य सांसद कृष्णकुमार श्रेष्ठले सरकारको समेत मिलेमतोमा सिमेन्टको मूल्य बढाइएको बताए। 'जनताको ढाड सेक्ने गरी, कार्टेलिङ गरेर, उत्पादनमा पनि कोटा तोकेर, सिमेन्टको शतप्रतिशत मूल्य बढाइएको छ। प्रतिबोरा चार सय साढे चार सयमा पाइने सिमेन्ट आठ सयभन्दा बढी पर्छ,' उनले भने, 'सरकारको समेत मिलेमतो भयो, सरकारले सुनेन, आँखा देखेन भनेर हामी चुप लागेर बस्न हुँदैन, समितिले छलफल गर्नुपर्छ।' विद्युत् महसुलको बक्यौता तिर्न सिमेन्ट उद्योगले उपभोक्तालाई मार पर्ने गरी शतप्रतिशत मूल्य बढाएको उनले आरोप लगाए। सरकारले सिमेन्टको मूल्यवृद्धि रोक्न चासो नदिएपछि उद्योगीले अब डन्डीको भाउसमेत बढाउने तयारी गरिरहेको उनले दाबी गरे। सांसद सूर्यमान तामाङले उद्योगीहरूले आफूखुसी सिमेन्टको मूल्यवृद्धि गरेर बजारमा लुट मच्चाएको बताए। विद्युत्को महसुल बक्यौता नतिर्ने उद्योगीले अहिले बजारमा सिमेन्टको मूल्यवृद्धि गर्दा उपभोक्ता समस्यामा परेको उनले बताए। समितिका अर्का सदस्य डोलप्रसाद अर्यालले सिमेन्टको मूल्यवृद्धिको विषयमा समितिमा छलफल गर्न आवश्यक रहेको बताए। समितिका सभापति अब्दुल खानले सरकार, उद्योगी र निर्माण व्यवसायीसँग सिमेन्टको मूल्यवृद्धिको विषयमा समितिमा छलफल हुने बताए।

यस विषयमा लेखा समितिमा समेत प्रश्न उठेको छ। लेखा समितिका सदस्य एवं सांसदहरू अर्जुननरसिंह केसी, अच्युत मैनाली, राजन केसीलगायत सांसदले सिमेन्टको मूल्यवृद्धि झन्डै दोब्बर पुगेको भन्दै यसमा सरकारको मिलेमतो भएको हुन सक्ने आशंका गरे। 'यति धेरै मूल्यवृद्धि कसरी भयो ? यसमा मिलेमतोको आशंका छ, हामीले चासो राख्नुपर्छ,' सांसद केसीले भने। सिमेन्टको मूल्य बढेको विषयमा छलफल गर्न उद्योगमन्त्री र सचिवलाई बोलाइएको सभापति ऋषिकेश पोखेलले जानकारी दिए।

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१०/०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितिपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**

२०८१/१०/२३ गते/स्थान : सम्बन्धित शाखा कार्यालय — २०८१/१०/२५ गते, शुक्रबार दिनको १ बजे

क्र.सं.	शाखा कार्यालय : कालिमाटी, काठमाडौं	
	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१.	नाम : राजन गिरी ना.प्र.नं. २०४८१८४, जि.प्र.का. सिन्धुली जारी मिति : २०६२/०२/२३ बाबुको नाम : मोहन गिरी बाजेको नाम : हर्क बहादुर गिरी ठेगाना : सिन्धुली जिल्ला, झाँगाझोली रातमाटा गा.वि.स. वडा नं. ३ हाल : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५	नाम : यमुना हमाल ना.प्र.नं. १३३६५, जि.प्र.का. काठमाडौं जारी मिति : २०६०/०३/१८ पतिको नाम : राजन गिरी ससुराको नाम : मोहन गिरी ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १५
	धितोको विवरण	
	राजन गिरीको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ठा कायम रहेको सिन्धुली जिल्ला, झाँगाझोलीरातामाटा वडा नं. ३/३ क स्थित कित्ता नं. १२९२ र १२९० को क्षेत्रफल क्रमशः ९४९.९१ र १२७.१८ व.मी. भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	
क्र.सं.	शाखा कार्यालय : नयाँ बानेश्वर, काठमाडौं	
	ऋणीको नाम, ठेगाना	
१.	नाम : बाँसगढी बहूउद्देश्यीय कृषि फार्म नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता नं. ३१२५१०/७९/०८०, दर्ता मिति : २०८०/०२/०१, पान नं. ६१०५०१०१२, दर्ता मिति : २०८०/०२/०१ ठेगाना : बर्दिया जिल्ला, बाँसगढी न.पा. वडा नं. ८	
	जमानतकर्ताको विवरण	
	१. नाम : मोहनलाल खत्री ना.प्र.नं. ६४-७९८७९, जि.प्र.का. सुर्खेत जारी मिति : २०६३/०७/२२ बाबुको नाम : बल बहादुर खत्री बाजेको नाम : धर्मु खत्री ठेगाना : सुर्खेत जिल्ला, लेखपराजुल वडा नं. ९	२. नाम : मेनुका खड्का ना.प्र.नं. ६४-०१-७०-०३९४२, जि.प्र.का. सुर्खेत जारी मिति : २०७०/०८/३० पतिको नाम : मोहनलाल खत्री ससुराको नाम : बल बहादुर खत्री ठेगाना : सुर्खेत जिल्ला, छिन्चु गा.वि.स. वडा नं. ४
	धितोको विवरण	
	बाँसगढी बहुउद्देश्यीय कृषि फार्म प्रा.लि. को नाममा भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ठा कायम रहेको बर्दिया जिल्ला, डेउढाकला वडा नं. ९ स्थित कित्ता नं. १३०१ र १३०२ को क्षेत्रफल क्रमशः ३७३५ र ३७३५ व.मि. भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : कालिमाटी, काठमाडौं, फोन नं. ०१-५६७२६५८
नयाँ बानेश्वर, काठमाडौं, फोन नं. ०१-४५६२५५१
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कम तौल देखाएर भारतबाट भित्रिन्छन् मालवाहक साधन

कपिलवस्तुमा **डिलाराम भुसाल**

कपिलवस्तुको कृष्णनगर भन्सारबाट वास्तविकभन्दा कम तौल देखाएर मालवाहक साधानहरू भित्रिने गरेको पाइएको छ। भन्सारका कर्मचारीहरूकै मिलेमतोमा भारतबाट आयात हुने मालसामानमा न्यून बिजक तथा कम तौल देखाई गाडी भित्रिने कृष्णनगर क्षेत्रका व्यापारीहरू बताउँछन्। भन्सार कार्यालयमै रहेको तौल मेसिन मर्मतसमेत नगराउने र ओभरलोड गाडीलाई कम तौल देखाएर पठाउने गरिएको स्थानीय व्यापारीहरूको भनाइ छ।

सोही कारण दुई साताअघि डिजेल जेनेटर लोड भएको भारतीय नम्बर प्लेट एनएल ०१ एएच ५१८९ गाडीका कारण दुम्कीबासमा रहेको पुल नै भासिएको थियो। सो घटना बाहिरिएपछि कृष्णनगर भन्सार नाकाबाट कम तौल देखाएर ओभरलोड गाडीहरू पास भएको देखिएको हो। उक्त गाडी कृष्णनगर भन्सारबाट जाँचपास भई गएको र ओभरलोडले गर्दा पुल भासिएको इलाका प्रहरी कार्यालय दुम्कीबासका प्रहरी निरीक्षक राजन तिमिल्सिनाको भनाइ छ। ७२ चक्के र सय टनभन्दा बढी भार भएकाले गाडीका कारण पुल भासिएको थियो। ४ माघमा पनि भन्सार पास भई कृष्णनगरबाट सिद्रा माछा बाकेर चन्द्रौटातर्फ जाँदै गरेको ५३ एफटी ६८६९ नम्बर मिनिट्रकलाई इलाका प्रहरी कार्यालय कृष्णनगरले चेकजाँच गर्दा वास्तविकभन्दा कम तौल देखाइएको पुष्टि भएको छ। भर्पाईमा दुई हजार ६ सय २६ किलो देखाए पनि तौल गर्दा भने दुई हजार आठ सय ३० किलो भेटिएको प्रहरी नायब उपरीक्षक मोहनमणि अधिकारीले बताए। भर्पाईभन्दा २५ किलो माछा बढी देखिएको उनले बताए।

गाडीका चालक भारत गोरखपुरका शिवशंकर राय र व्यवसायी कपिलवस्तु शिवराज नगरपालिकाका दुर्गाप्रसाद यादवलाई कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय बुटवल पठाइएको इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक सुरज खत्रीले जानकारी दिए।

भन्सार कार्यालय सूचना अधिकारी लेखनाथ भट्टराईले भने भन्सारमा सय टनसम्म तौल गर्ने मात्र धर्मकाँटा भए पनि व्यापारीहरूले देखाउने बिलकै आधारमा भन्सार गर्ने गरेको बताए।

सामान्यभन्दा बढी नै फरक देखिने गरी मालसामान भएको शंका लागेमा मात्र तौल गर्ने गरिएको उनको भनाइ छ। 'हामीले व्यापारीहरूले देखाएको बिलकै आधारमा भन्सार गर्दै आएका छौं,' उनले भने, 'यसमा हाम्रो अरू कुनै संलग्नता छैन।' भन्सार प्रमुख फणीन्द्र खतिवडाले सडकको क्षमता र ओभरलोडभन्दा आफूहरूले भन्सार सामानको भन्सारको मूल्यांकन गरेर पास गर्ने गरेको बताएका छन्। सडकको भारको विषय आफूहरूको नभएको उनको भनाइ छ।

पाथीभरामा केबुलकार निर्माण सुरु

करिब तीन अर्ब ५० करोडको लागतमा निर्माण हुने केबुलकार सञ्चालनमा आएपछि वार्षिक १५ देखि २० लाखसम्म भक्तजनले सेवा प्राप्त गर्ने

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

प्रसिद्ध धार्मिकस्थल पाथीभरा देवी मन्दिरसम्म पुग्ने 'पाथीभरा देवी मुकुम्लुङ दर्शन केबुलकार' निर्माण सुरु गरिएको छ। केबुलकार बन्ने-नबन्ने विवादबिच केबुलकारको निर्माण मंगलबारदेखि हिमालय कन्स्ट्रक्सनले सुरु गरेको हो। निर्माण कन्स्ट्रक्सनका प्रमुख इन्द्र केदेमले बटम स्टेसनबाट केबुलकार निर्माण कार्य सुरु गरिएको बताए। यसअघि कात्तिकमा केबुलकारको शिलान्यास गर्ने क्रममा पक्ष-विपक्षबिच झडपसमेत भएको थियो।

केबुलकार कम्पनी सञ्चालक रुद्र पौडेलले जिल्लाका सबै राजनीतिक दल, सांसद, स्थानीय जनप्रतिनिधि तथा स्थानीयवासी, सरकारी निकायसहित सुरक्षा निकायसमेतको सहयोग र समन्वयमा काम अघि बढाएको बताए। पाथीभरा केबुलकार निर्माण भई सञ्चालनमा आएपछि ताप्लेजुङ जिल्ला मात्र नभएर पूर्वी नेपालकै आर्थिक समृद्धिमा टेवा पुग्ने सञ्चालक पौडेलले बताए।

केबुलकार निर्माण कार्यलाई तीव्रता दिँदै १५ महिनाभित्रमा निर्माण कार्य सम्पन्न गर्ने र केबुलकार चढेर पाथीभरा देवी दर्शन गर्न सक्ने गरी केबुलकार निर्माण सुरु गरेको हिमालयन कन्स्ट्रक्सनका प्रमुख इन्द्र केदेमले जानकारी दिए।



केबुलकार निर्माणपछि अशक्त वृद्धवृद्धा तथा बालबालिकालगायत भक्तजनलाई समेत पाथीभरा देवीको दर्शन गर्न सहज हुने बताउँदै पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना, वातावरणीय सन्तुलन र आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने सञ्चालक पौडेलको भनाइ छ। केबुलकार परियोजना निर्माणपछि ताप्लेजुङमा सुरक्षित, दिगो तथा विश्वस्तरीय पर्यटन उत्पादन र सेवा-सुविधासहित अनुपम पर्यटन गन्तव्यका रूपमा स्थापित गराउन सहयोग पुग्ने पौडेलले दाबी गरे।

करिब तीन अर्ब ५० करोडको लागतमा निर्माण हुन लागेको केबुलकार सञ्चालकले सुरुमा करिब वार्षिक १५ देखि २० लाखसम्म भक्तजन आउने विश्वास लिएको छ। पाथीभरा केबुलकार सञ्चालन तथा व्यवस्थापन आइएमई ग्रुपले गरिरहेको बताइएको छ।

संक्षेप

थानकोट-चित्लाङ र महालक्ष्मी-मातातीर्थ सडक सञ्चालनमा



मकवानपुर/ बागमती प्रदेशको राजधानी हेटौंडा र संघीय राजधानी काठमाडौं जोड्ने छोटो मार्गमध्येका थानकोट-चित्लाङ र महालक्ष्मी-मातातीर्थ सडक सञ्चालनमा आएका छन्। मर्मत र स्तरोन्नतिका लागि झन्डै एक महिनादेखि बन्द दुवै सडक मंगलबारदेखि पुनः सञ्चालनमा आएका हुन्। स्तरोन्नतिका लागि थानकोट-चन्द्रागिरि-चित्लाङ सडक ७ पुसदेखि बन्द गरिएको थियो। यस्तै, महालक्ष्मी-मातातीर्थ सडक भने २२ पुसदेखि बन्द गरिएको थियो।

थानकोट-चन्द्रागिरि-चित्लाङ सडकखण्डअन्तर्गत पानीघाटदेखि चन्द्रगिरि भञ्ज्याङसम्मको खण्ड स्तरोन्नति गरिएको हो। सडक स्तरोन्नतिका क्रममा उक्त सडकखण्ड बिहान ८ बजेदेखि साँझ ४ बजेसम्म पूर्ण रूपमा बन्द गरिएको थियो भने साँझ र बिहानको समयमा स्थानीयस्तरमा चल्ने सवारीसाधनलाई आवतजावत गर्न दिइएको थियो।

यसैगरी महालक्ष्मी-मातातीर्थ सडकखण्डको इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ५ स्थित महालक्ष्मी खोलानजिकै भिर कटानका लागि उक्त सडकखण्ड बन्द गरिएको थियो। भिर काट्ने काम सकिएपछि उक्त सडकखण्ड पनि सञ्चालनमा आएको मकवानपुर प्रहरीले जानकारी दिएको छ।

मकवानपुर प्रहरीका अनुसार हेटौंडा-काठमाडौं जोड्ने कुलेखानी-फाखेल र कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडकखण्ड भने अझै केही दिन एकतर्फी मात्रै सञ्चालनमा रहनेछ। उक्त दुवै सडकखण्डमा स्तरोन्नतिको कार्य चलिरहेकाले एकतर्फी सवारी सञ्चालन भइरहेको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्याललले जानकारी दिए।

नेप्सेमा पाँच अंकको सुधार

काठमाडौं/ नेप्से परिसूचकमा मंगलबार झिनो अंकको सुधार देखिएको छ। नेप्से परिसूचक ५.०८ अंकले बढेर दुई हजार ६१३.०८ को विन्दुमा कायम भएको हो। मंगलबार तीन सय ११ कम्पनीको एक करोड १६ लाख २६ हजार २० कित्ता सेयर ६९ हजार आठ सय ४० पटक खरिद-बिक्री हुँदा ६ अर्ब १९ करोड एक लाख ४१ हजार आठ सय ९१ बराबरको कारोबार भएको छ। सो दिन भएको कारोबारमा बैंकिङ समूह ०.३५, वित्त १.०३, जलविद्युत् ०.९२, म्युचुअल फन्ड ०.४८ र व्यापार समूह २.१० प्रतिशतले घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ। विकास बैंक ०.१९, होटेल तथा पर्यटन ०.७८, लगानी ०.७४, जीवन बिमा १.१० र उत्पादन तथा प्रशोधन ०.८९ प्रतिशतले बढेको छ। त्यसैगरी, लघुवित्त ०.०३, निर्जीवन बिमा १.७८ र अन्य समूह २.७९ प्रतिशतले बढेको छ।

कारोबार भएका कम्पनीहरूमा मन्दाकिनी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै घट्नेमा भने रिभर फल्स पावर लिमिटेडको सेयर मूल्य ८.९६ प्रतिशतले ओरालो लागेको छ। कारोबार रकमका आधारमा सबैभन्दा धेरै सिइडिबी होल्डिङ्स लिमिटेडको २३ करोड ७६ लाख ३५ हजारबराबरको सेयर खरिद-बिक्री भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै प्रभु सेलेक्ट फन्डको चार लाख ७५ हजार नौ सय कित्ता सेयर किनबेच भएको छ।

नबिलद्वारा जाजरकोट र रुकुम पश्चिममा कम्बल वितरण

काठमाडौं/ नबिल बैंकले जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावितलाई कम्बल वितरण गरेको छ। भूकम्पपछि जाजरकोट र रुकुम पश्चिममा बैंकले निर्माण गरेका ९६ वटा अस्थायी आवासमा बसोवास गरिरहेका परिवारलाई कम्बल वितरण गरिएको हो।

बैंकले एक कार्यक्रम आयोजना गरी यही माघ १ गते नलगाड-१ का वडाध्यक्ष धनबहादुर महर र माघ २ गते चौरजहारी-१ का वडाध्यक्ष इन्द्र गिरीको उपस्थितिमा कम्बल वितरण गरेको थियो। यस वर्षको हिउँदमा पनि अस्थायी आवासमा बिताउनुपर्दा खासगरी वृद्धवृद्धा, बालबालिका र सुत्केरीहरूको स्वास्थ्यमा पर्न सक्ने समस्यालाई ध्यानमा राखी कम्बल वितरण गरिएको नबिल बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले बताए। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत स्थानीय सरकारसँगको साझेदारीमा जाजरकोटको नलगाड नगरपालिका-१ मा ४७ र रुकुम पश्चिमको चौरजहारी नगरपालिका-१ का भूकम्पपीडितका लागि ४९ वटा अस्थायी आवास निर्माण गरेको थियो। सोही अस्थायी आवासमा बसोवास गर्ने परिवारका लागि यसपटक कम्बल वितरण गरिएको बैंकले जनाएको छ।



सोही अवसरमा नलगाड-१ का अध्यक्ष महर र चौरजहारी-१ का अध्यक्ष गिरीले भूकम्प प्रभावितका लागि ओत लाग्न सुरक्षित ठाउँ उपलब्ध गराउनुका साथै यस वर्ष चिसोबाट बच्न कम्बल वितरण गरी राहत उपलब्ध गराएकामा नबिल बैंकलाई धन्यवाद दिए।

ड्रिम सिटीले गऱ्यो विद्यार्थीलाई पोसाक वितरण

काठमाडौं/ लायन्स इन्टरनेसनल ३२५ केअन्तर्गतको लायन्स क्लब अफ काठमाडौं ड्रिम सिटीले विद्यार्थीलाई पोसाक वितरण गरेको छ। ड्रिम सिटीले गोरखा बारपाक सुलीकोट- ३ मा रहेको श्री ज्वालामुखी प्रावि र श्री हिमालयन माविमा अध्ययनरत तीन सय ५० विद्यार्थीलाई पोसाक वितरण गरेको हो।

ड्रिम सिटीको संयोजनका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वीरबहादुर गुरुङको अध्यक्षता तथा बारपाक सुलीकोट गाउँपालिका अध्यक्ष विष्णु भट्टको प्रमुख आतिथ्यतामा पोसाक वितरण गरिएको हो। उक्त वितरण कार्यक्रमा डिस्ट्रिक ३२५ केका क्याबिनेट सेक्रेटरी लायन महाप्रसाद पाण्डे र चिफ एड्भाइजर लायन विष्णुहरि फुयाँलको उपस्थिति रहेको थियो। साथै, आइटी को-चिफ तथा एलसिके ड्रिमसिटीका संस्थापक अध्यक्ष लायन यज्ञराज पौडेल, जोन चियरपर्सन गोपालप्रसाद सापकोटा, वर्तमान अध्यक्ष लायन राजिन पनेरू, एचआइडिसिएल वरिष्ट प्रबन्धक रमेश पनेरू, पुरुषोत्तम पनेरू, लायन दिनेश पनेरू, देवप्रसाद ढकाल, लोकनाथ पनेरूलगायतको समेत उपस्थिति थियो।



कार्यक्रममा बोल्दै क्लब अध्यक्ष राजिन पनेरूले देशभित्र तथा बाहिरका मनकारी दाता तथा क्लबको सक्रियतामा गरिएको पोसाक वितरण कार्यले विद्यार्थीको शैक्षिक एवं सर्वांगीण विकासमा सहयोग पुग्ने बताए।

"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
प्रधान कार्यालय : लाजिम्पाट, काठमाण्डौं
फोन नं. : ०१-४५४५४२४/२५/२६/२७/२८/३०, **वेभसाइट :** www.garimabank.com.np

धितोमा रहेको सम्पती लिलाम बिक्रीको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१/१०/०९

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो सुरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

१. ऋणीको विवरण

क) ऋणीको नामः वाटर किङ्गडम पार्क प्रा.लि.
कम्पनीको ठेगाना : शिवसताक्षी न.पा.-६, झापा
कम्पनी दर्ता नं.: १५६३३२/०७३/०७४
कम्पनी दर्ता मिति : २०७३/०६/०६
कम्पनीको पान नं.: ६०४३२९९१२
कम्पनी दर्ता निकाय : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ
अख्तियार प्राप्त व्यक्ति : तिर्थराज संग्रौला
कर्जा शीर्षक : व्यवसायीक आवधिक कर्जा, व्यवसायीक अधिविकर्ष कर्जा र पुरसंरचना कर्जा

ख) ऋणीको नामः सरस्वती आइरन एण्ड सप्लायर्स
फर्मको ठेगाना : सतासीधाम गा.वि.स.-५, झापा
फर्म दर्ता नं.: ४६१/२४१५
फर्म दर्ता मिति : २०६८/०१/०९
फर्मको पान नं.: ३०१९३०४४२
फर्म दर्ता निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
प्रोप्राईटर : तिर्थराज संग्रौला
कर्जा शीर्षकः व्यवसायीक अधिविकर्ष कर्जा र पुनसंरचना कर्जा

ग) ऋणीको नामः संग्रौला ग्रुप अफ कम्पनीज प्रा.लि.
कम्पनीको ठेगाना : शिवसताक्षी न.पा. -८, झापा
कम्पनी दर्ता नं.: ३१९४७८/०८०/०८१
कम्पनी दर्ता मिति : २०८०/०५/२७
कम्पनीको पान नं.: ६१९७६९७२१
कम्पनी दर्ता निकाय : नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ
अख्तियार प्राप्त व्यक्ति : सौजन राज संग्रौला
कर्जा शीर्षक : ब्रिज ग्याप कर्जा
शाखा कार्यालय : दमक, झापा

